# प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) प्रोफाइल

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौंडा, नेपाल

२०८१

बागमती प्रदेश
हेटौंडा, नेपाल

मुख्यमन्त्री



## शुभकामना

सर्वप्रथम, बागमती प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद्को स्थापना हुनु समावेशी विकास, युवा सशक्तिकरण र दक्ष जनशक्ति निर्माणतर्फको एक ऐतिहासिक उपलब्धी हो। सीपयुक्त, स्वरोजगारीमैत्री र उत्पादनमुखी अर्थतन्त्र निर्माणमा प्राविधिक शिक्षा तथा तालिम हाम्रो प्रदेशको प्राथमिकता हो। यस पृष्ठभूमिमा, प्रादेशिक TVET प्रोफाइल निर्माण हाम्रो सोहि प्रयासको दर्पण हो।

आजको विश्वमा जलवायु संकट, प्रविधिको तीव्र विकाससँगै सिर्जीत अन्तरदेशीय प्रविधिको खाँडल, युवापलायन जस्ता चुनौतीपूर्ण विषयहरूले हामीलाई घेरिरहेका छन्। तर पनि हामी आशावादी छौं। किनभने यी सबै चुनौतीहरुसँग जुझ्न समाजका सबै आयामहरुमा सक्षम युवा वर्ग निर्माण गर्न हामी सामर्थ्यता राख्दछौ र प्रदेश सरकारले यही सोचका साथ प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम परिषद् स्थापना गरेको हो। परिषद्ले यस सम्बन्धमा नीति निर्माण, तालिम केन्द्रको विकास, तालिम संस्थाको मान्यता, तालिम कार्यक्रमहरूको पाठ्यक्रम, तालिम विधि, पाठ्यपुस्तक तथा अवधिको मापदण्ड निर्धारण, दोहोरो शिक्षा प्रणाली, प्रशिक्षक अनुमतिपत्र, apprenticeship कार्यक्रम, र सीप परीक्षणको मापदण्ड निर्धारणजस्ता कार्य गरिरहेको छ। त्यसैगरी, बजारको मागको अध्ययन गरी विषयवस्तु तथा पेशा पहिचानसहित पाठ्यक्रम विकास गर्ने जिम्मेवारी पनि परिषद्को प्रमुख कार्य हो।

निजी, सहकारी, सामुदायिक र सरकारी क्षेत्रको सहकार्यमा परिषद्ले TVET प्रणालीलाई समग्र विकाससँग जोड्ने आधार तय गरिरहेको छ। यस सन्दर्भमा, प्रादेशिक TVET प्रोफाइल प्रदेशको सीप अवस्था, अवसर र चुनौतीको दिग्दर्शक दस्तावेज हुने मैले आशा राखेको छु।

अन्तमा, यो प्रोफाइल बागमती प्रदेशको समुन्नत भविष्य र सीपयुक्त युवा पुस्ताको निर्माणमा एउटा महत्वपूर्ण कोसेढुंगा होस् भन्ने शुभकामना व्यक्त गर्दै, परिषद्का पदाधिकारी, विज्ञ, सीप अभियन्ता र सबै साझेदारहरूलाई धन्यवाद दिन चाहन्छु। *धन्यवाद । जय नेपाल ।*

**हामी सबै मिलेर सीपयुक्त युवा, समुन्नत प्रदेशको सपना साकार पार्न प्रतिबद्ध होऔं।**

विक्रम सम्वत् २०८२ असार, १३
नेपाल सम्वत् ११४५ दिल्लाथ्व द्वितीया

बहादुर सिंह लामा तामाङ
मुख्यमन्त्री

## प्राक्कथन



प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको योजनाबद्ध विकास गरी शिक्षालाई रोजगारी, उद्यमशिलता र उत्पादनसँग जोड्नु आजको आवश्यकता हो। यही सन्दर्भमा बागमती प्रदेश सरकारले प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद ऐन, २०७५ र नियमावली, २०८० कार्यान्वयनमा ल्याई परिषद्को स्थापना गरेको छ, जसले सीप विकास, स्तरिकरण तथा युवामा रोजगारी र उद्यमशिलता वृद्धिमा कोशेढुंगा राखेको छ। परिषद्ले TVET कार्यक्रमको योजनाबद्ध विकासको आधारशिला स्वरूप यो प्रोफाइल तयार गरेको हो।यस प्रोफाइलले बागमती प्रदेश भित्रको आर्थिक र जनसांख्यिकीय अवस्था, औपचारिक तथा अनौपचारिक TVET प्रदायक निकायहरूको अवस्था, साथै उद्योग र रोजगारीको अवस्थाको चित्रण गरेको छ। संवैधानिक प्रावधानको प्रभावकारी कार्यान्वयन र दीर्घकालीन सोचसहित TVET कार्यक्रममार्फत युवामा सीप र रोजगारी वृद्धि गरी सामाजिक-आर्थिक रूपान्तरण आवश्यक छ। यसका लागि प्रदेशभित्र स्वरोजगार र रोजगारीका अवसर बढाउन व्यवस्थित र यथार्थमा आधारित कार्यक्रम निर्माण गर्न यो प्रोफाइल उपयोगी हुनेछ। यसले उपलब्ध तथ्यांक र पहिचानको आधारमा रणनीतिक योजना तयार गर्न सहयोग पुऱ्याउनेछ।

यस प्रोफाइलमा बागमती प्रदेशभित्र स्थापना र सञ्चालन भएका उद्योगहरुको विद्यमान अवस्था, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षालय/विद्यालय र अन्य शिक्षण संस्थाहरुको विवरण लगायत औपचारिक सेवाका तथा रोजगारीका क्षेत्रहरुको विवरण समावेश गरिएको छ। यसबाट श्रम बजारको माग, तालिम प्रदायक निकायको क्षमता र कार्यक्रमको आवश्यकताको पहिचान भएको छ। प्रोफाइल विकासका लागि विज्ञहरुसँगको छलफल, दस्तावेजहरुको समीक्षा, तथ्यांक संकलन र विश्लेषण गरिएको छ। प्राप्त तथ्यांकको आधारमा समिक्षा, विश्लेषण र पहिचान गरिएका समस्या, सवाल र अवस्थाले TVET क्षेत्रको भावी योजनालाई मार्गनिर्देशन गर्ने विश्वास लिएकी छु। यसले प्रदेशको शिक्षा नीति, २०८१ र प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद ऐन, २०७५ को मर्म र भावनालाई सम्बोधन गर्दै TVET रणनीति विकासमा आवश्यक सूचना उपलब्ध गराउँछ। साथै, यसले नीतिनिर्माण, कार्यक्रम तर्जुमा, तालिमको क्षेत्रीय सन्तुलन, रोजगारीसँगको सम्बन्ध र योजना निर्माणमा मार्गदर्शन गर्नेछ र स्थानीय तह, निजी क्षेत्र, विकास साझेदार तथा सरोकारवालाबीच समन्वय सुदृढ गर्न सहयोग पुऱ्याउनेछ।

यस प्रोफाइल तयारीमा संलग्गन विज्ञहरु, तथ्यांक संकलकहरु, सुचना र जानकारी उपलब्ध गराउने सरोकारवालाहरु र प्रोफाइल विकासमा योगदान गर्ने मन्त्रालय, सम्बन्धित निकाय, परियोजना, तथा प्राविधिक टिमहरू प्रति हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछु। धन्यवाद।

**शान्ति लामा**

प्रमुख कार्यकारी निर्देशक

बागमती प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्

२०८२/३/१३

## कृतज्ञता

TVET प्रोफाइलको निर्माणमा युवाहरूको लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (QualiTY) परियोजनाको प्राविधिक सहयोग रहेको थियो। QualiTY परियोजना स्विस सरकार र नेपाल सरकार बीचको द्विपक्षीय परियोजना हो। बागमती प्रदेशमा सामाजिक विकास मन्त्रालयले परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्दछ। स्विस एजेन्सी फर डेभलपमेन्ट एण्ड कोपरेसन SDC को तर्फबाट स्विसकन्ट्याक्ट- स्विस फाउन्डेसन फर टेक्निकल कोअपरेसनले QualiTY परियोजनालाई प्राविधिक सहयोग प्रदान गर्दछ। QualiTY परियोजनाको अनुरोधमा, न्यास्नल इन्स्टिट्युट फर रिसर्च एण्ड ट्रेनिङ (NIRT) - राष्ट्रिय अनुसन्धान एजेन्सीले - TVET प्रोफाइलको तथ्याङ्क सङ्कलन र विश्लेषण, लेआउट डिजाइन र निर्माण गर्नलाई सहयोग प्रदान गरेको थियो।

**विषयसूचीहरु**

कार्यकारी सारांश ........ १०
परिच्छेद एक ........ १३
परिचय ........ १३
१.१ परिचय ........ १३
१.२ प्रदेश स्तरीय TVET संचालन सम्बन्धि कानुनी व्यवस्था र अभ्यासहरू ........ १५
१.३ प्रोफाइल विकासको उद्देश्य ........ १९
१.४ प्रोफाइलको क्षेत्र र सीमा ........ २०
१.५ प्रोफाइल विकास प्रक्रिया ........ २०
१.६ प्रोफाइल विकास तथा कार्यान्वयनका चुनौतीहरु ........ २३
१.७ प्रोफाइलको सङ्गठनात्मक ढाँचा ........ २३
परिच्छेद दुई ........ २४
आर्थिक र जनसांख्यिकीय विवरण ........ २४
२.१ परिचय ........ २४
२.२ जनसंख्याको उमेरगत तथा सामाजिक अवस्था ........ २४
२.३ जनसंख्याको आर्थिक सक्रियता ........ २७
२.४ जनसंख्याको शैक्षिक अवस्था ........ २९
२.५ श्रम सहभागिता दर र यसको विविधिकरण ........ ३२
२.६ श्रमशक्तिको पलायन ........ ३५
परिच्छेद तीन ........ ३८
औपचारिक टिभेट प्रदायकहरूको विवरण ........ ३८
३.१ परिचय ........ ३८
३.२ औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिममा पहुँचको अवस्था ........ ३८
३.३ पालिकाहरुमा शिक्षालयहरुको संस्थागत पहुँच ........ ४०
३.४ शिक्षालयहरुमा विद्यार्थी भर्नाको अवस्था ........ ४१

३.५ प्राविधिक शिक्षालयहरुको वर्तमान अवस्था........................................................ ४४

३.६ प्रशिक्षकहरुको उद्योग क्षेत्रको कार्य अनुभव........................................................ ४९

३.७ शिक्षालय-उद्योग सम्बन्ध........................................................ ५०

परिच्छेद चार........................................................ ५२

अनौपचारिक टिभेट कार्यक्रमको विवरण........................................................ ५२

४.१ परिचय........................................................ ५२

४.२ व्यावसायिक तालिम प्रदायक संस्थाहरु........................................................ ५२

४.३ सीप परीक्षण सम्बन्धि अवस्था........................................................ ५४

परिच्छेद पाँच........................................................ ५८

उद्योग र रोजगार सम्बन्धि विवरण........................................................ ५८

५.१ परिचय........................................................ ५८

५.२ उद्योग विभाग अन्तर्गत दर्ता भएका उद्योगको विवरण........................................................ ५८

५.३ प्रदेशका उद्योगहरुको जिल्लागत विवरण........................................................ ५९

५.४ आर्थिक प्रतिष्ठानहरुको संख्या........................................................ ६१

५.५ उत्पादनको रोजगारीको अवस्था........................................................ ६२

५.६ बजारमा उच्च माग भएका सीपयुक्त जनशक्तिको विवरण........................................................ ६४

५.७ औद्योगिक माग सर्वेक्षणबाट उच्च माग देखिएका प्रमुख पेशाहरु........................................................ ६६

परिच्छेद छ........................................................ ६९

निष्कर्ष........................................................ ६९

६.१ निष्कर्ष........................................................ ६९

परिशिष्टहरू........................................................ ७१

अनूसूची १........................................................ ७३

अनुसूची २........................................................ १२०

## तालिकाको सुचीहरु

**तालिका १:** बागमती प्रदेशका कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएका उद्योग र नमूना सम्बन्धी विवरण ........ २१
**तालिका २:** उद्योग र लिङ्गको आधारमा आर्थिक रूपमा सक्रिय जनसंख्या........ २९
**तालिका ३:** प्रदेशमा लिङ्गको आधारमा शैक्षिक स्थिति........ ३०
**तालिका ४:** गन्तव्य मुलुक अनुसार श्रम पलायनको अवस्था........ ३५
**तालिका ५:** दक्षता स्तर अनुसार विदेशी श्रम पलायन........ ३६
**तालिका ६:** लिङ्ग र गन्तव्य मुलुक अनुसार नेपाल फर्किएका आप्रवासी कामदारको विवरण........ ३६
**तालिका ७:** शैक्षिक संस्थाको प्रकार र आर्थिक वर्ष अनुसार प्रशिक्षार्थी भर्नादर........ ४३
**तालिका ८:** व्यवसाय (ट्रेड) र आर्थिक वर्ष अनुसारको भर्नादर........ ४३
**तालिका ९:** सर्वेक्षणमा समावेश शिक्षालयको विवरण........ ४४
**तालिका १०:** सर्वेक्षणमा सहभागी जिल्लाहरु........ ४५
**तालिका ११:** सञ्चालित कार्यक्रमको आधारमा प्रशिक्षक तथा कर्मचारीको औसत संख्या........ ४६
**तालिका १२:** प्रशिक्षक तथा अन्य कर्मचारीको संख्या........ ४७
**तालिका १३:** शिक्षालयको प्रकार अनुसार प्रशिक्षकहरुको वितरण........ ४७
**तालिका १४:** प्रशिक्षकको संलग्नताको किसिम अनुसार रोजगारीको अवस्था........ ४८
**तालिका १५:** सम्वद्ध कार्यक्रमको संख्या अनुसार प्रशिक्षकको संख्या........ ४८
**तालिका १६:** प्रशिक्षकहरुको शैक्षिक योग्यता........ ४९
**तालिका १७:** औद्योगिक अनुभव अनुसार प्रशिक्षकको किसिम........ ४९
**तालिका १८:** सम्बन्धित कार्यक्रम........ ५०
**तालिका १९:** शिक्षालय र उद्योगबीच सहकार्यका क्षेत्र तथा अवस्था........ ५०
**तालिका २०:** क्षेत्रगत रुपमा सीप परीक्षणमा सहभागीको विवरण........ ५४
**तालिका २१:** प्रदेशका सीप परीक्षण आवेदकको जिल्लागत विवरण........ ५६
**तालिका २२:** तहगत रुपमा सीप परीक्षणको उत्तीर्ण दर........ ५७
**तालिका २३:** घरेलु उद्योगको प्रदेशगत विवरण........ ६०
**तालिका २४:** CTEVT परीक्षणका प्रमुख रोजगार उन्मुख पेशाहरु........ ६३
**तालिका २५:** उच्च रोजगारी दर भएका कार्यक्रमहरु........ ६४
**तालिका २६:** सीप परीक्षणको क्षेत्रगत रोजगारीको दर........ ६६
**तालिका २७:** औद्योगिक माग सर्वेक्षणबाट उच्च माग देखिएका प्रमुख पेशाहरु........ ६६
**तालिका २८:** सीप परीक्षणको क्षेत्रगत रोजगारीको दर........ ६८

## रेखाचित्रको सुचीहरु

**रेखाचित्र १:** उमेर समूह र लिङ्ग अनुसार प्रदेशको जनसंख्या ........ २४
**रेखाचित्र २:** जातीय समूह अनुसार प्रदेशको जनसंख्या ........ २५
**रेखाचित्र ३:** महिलाको जनसंख्या ........ २६
**रेखाचित्र ४:** पुरुषको जनसंख्या ........ २६
**रेखाचित्र ५:** जनसंख्याको आर्थिक सक्रियताको अवस्था ........ २७
**रेखाचित्र ६:** समय अवधि अनुसार आर्थिक सक्रियताको अवस्था ........ २८
**रेखाचित्र ७:** उमेर समूहको आधारमा प्रदेशको आर्थिक रूपमा सक्रिय ........ २८
**रेखाचित्र ८:** बागमती प्रदेशमा लैङ्गिक साक्षरता दर ........ ३१
**रेखाचित्र ९:** विद्यालय जाने उमेर समुहका व्यक्तिहरुको अध्ययनरत अवस्था ........ ३२
**रेखाचित्र १०:** विभिन्न वर्गका जनसंख्याको श्रम बजार संकेतको अवस्था ........ ३३
**रेखाचित्र ११:** आर्थिक रुपमा सक्रिय पुरुष जनसंख्या ........ ३४
**रेखाचित्र १२:** आर्थिक रुपमा सक्रिय महिला जनसंख्या ........ ३४
**रेखाचित्र १३:** बागमती प्रदेशमा सञ्चालित प्राविधिक शिक्षालयको संख्या तथा प्रकार ........ ३९
**रेखाचित्र १४:** बागमती प्रदेशमा सञ्चालित प्राविधिक शिक्षालयमा तहगत भर्ना क्षमता ........ ३९
**रेखाचित्र १५:** प्राविधिक शिक्षालयको शिक्षालयको प्रकृति अनुसारको भर्ना क्षमता ........ ४०
**रेखाचित्र १६:** पालिकागत संस्थागत पहुँचको अवस्था ........ ४१
**रेखाचित्र १७:** CTEVT का प्राविधिक कार्यक्रममा तहगत भर्नादर ........ ४२
**रेखाचित्र १८:** प्राविधिक धारका कार्यक्रममा भर्ना अवस्था ........ ४२
**रेखाचित्र १९:** छोटो अवधिका व्यावसायिक तालिमका लागि सम्वन्धन प्राप्त संस्थाहरु ........ ५२
**रेखाचित्र २०:** सम्बन्धन प्राप्त प्रमुख कार्यक्रमहरु ........ ५३
**रेखाचित्र २१:** लिङ्गगत विवरण ........ ५५
**रेखाचित्र २२:** हालसम्म NSTB वाट सिप परीक्षणमा सहभागीको तहगत विवरण ........ ५६
**रेखाचित्र २३:** उद्योग विभागमा दर्ता भएका उद्योगहरुको क्षेत्रगत विवरण ........ ५८
**रेखाचित्र २४:** स्तर अनुसार उद्योगको वर्गीकरण ........ ५९
**रेखाचित्र २५:** उद्योगको तहको जिल्लागत विवरण ........ ६०
**रेखाचित्र २६:** आर्थिक प्रतिष्ठानमा संलग्न जनशक्तिको विवरण ........ ६२

## संक्षेपाक्षर र लघुरूपहरू

| | |
|---|---|
| बिआइए (BIAs) | व्यापारी तथा उद्योगीहरूको संगठनहरू |
| सिइएचआरडी (CEHRD) | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| सिटिइभिटी (CTEVT) | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद |
| आइटिएमएस (ITMS) | एकीकृत प्रशिक्षण र व्यवस्थापन प्रणाली |
| एलएमआइएस (LMIS) | श्रम बजार सूचना व्यवस्थापन पद्दति |
| एमआइएस (MIS) | सूचना व्यवस्थापन पद्दति |
| एमओइएसटि (MOEST) | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| एनइएचसी (NEHC) | राष्ट्रिय आर्थिक र गृह गणना |
| एनएलएमएसआर (NLMSR) | नेपाल श्रम आप्रवासन स्थिति प्रतिवेदन |
| एनएलएसएस (NLSS) | नेपाल जीवनस्तर सर्वेक्षण |
| एनपीयचसि (NPHC) | राष्ट्रिय जनसंख्या र आवास जनगणना |
| एनएसटिबि (NSTB) | राष्ट्रिय सीप परीक्षण समिति |
| स्टीम (STEAM) | विज्ञान, प्रविधि, इन्जिनियरिङ्, कला, र गणित |
| टेक्स (TECS) | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा |
| टिएसएसपी (TSSP) | टिभिइटी क्षेत्रको रणनीतिक योजना |
| टिभिइटी (TVET) | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम |

# कार्यकारी सारांश

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) कार्यक्रमको मुख्य उद्देश्य आधारभूत तह तथा मध्यम तहका मानवश्रोत तयार गर्दै देशको आर्थिक र समग्र विकासमा योगदान पुऱ्याउनु र मानिसहरूलाई स्वरोजगारमा संलग्न हुन सक्षम बनाउनु रहेको छ। पर्याप्त श्रोत र गुणस्तरीय TVET प्रदान गर्न सकिएमा व्यक्ति र समुदायको आर्थिक र सामाजिक लाभलाई विस्तार गरी गरिबी घटाउनको लागि महत्वपूर्ण भूमिका खेल्ने गर्दछ। यसै सन्दर्भमा बागमती प्रदेशले TVET क्षेत्रको रणनीतिक योजना बनाउन शुरुवात गरेको छ। यस योजनामा ५ वर्षको लागि दुरदृष्टि, ध्येय, लक्ष्य र उद्देश्यहरू रहनेछन् र रणनीतिक योजनाका उद्देश्यहरू पूरा गर्न गुणस्तर सूचकहरू राखिनेछ। रणनीतिक योजना बनाउनको लागि वर्तमान स्थितिको शिक्षण संस्थाहरुको र उद्योगहरुको तथ्याङ्कको आवश्यकता पर्दछ। ती आवश्यक तथ्याङ्कहरुका लागि यस TVET प्रोफाइल महत्वपूर्ण कोशेढुङ्गा हुने आशा गरिएको छ। TVET प्रोफाइल यस्तो दस्तावेज हो, जसमा प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरु, रोजगारदाता तथा उद्योगहरु, सीप परीक्षण जस्ता गतिविधिहरुका तथ्याङ्कहरु समावेश गरिएको छ। यस प्रोफाइललाई तपसिल बमोजिम चार भागमा विभाजन गरिएको छ।

## १. आर्थिक र जनसांख्यिकीय प्रोफाइल

जनगणना २०७८ को तथ्यांक अनुसार बागमती प्रदेशमा कुल घरपरिवार संख्या १५,७०,९२७ र प्रति घरपरिवार औसत ३.८९ जना का दरले कुल जनसंख्या ६१,१६,८६६ रहेको छ। यस मध्ये पुरूष ४९.८४ प्रतिशत र महिला ५०.१६ प्रतिशत रहेको छ। बागमती प्रदेशको १० बर्ष वा सो भन्दा माथिका कुल जनसंख्याको ६५.५ प्रतिशत हिस्साले श्रम बजारमा सहभागिता जनाएको पाइन्छ भने ३४.३ प्रतिशत हिस्सा आर्थिक रुपमा निष्क्रिय रहेको वा सो हिस्साले श्रम बजारमा सहभागिता जनाएको देखिदैंन। समग्रमा बागमती प्रदेशको साक्षरता दर ८२.१ प्रतिशत रहेको पाइन्छ, जुन नेपालको औसत दर ७६.२ प्रतिशत भन्दा उल्लेख्य रुपमा बढि हो। तर लैङ्गिक रुपमा साक्षरता दरलाई विश्लेषण गर्दा महिला र पुरुष बीच ठूलो अन्तर देखिन्छ। पुरुषको सारक्षता दर ८८.३ प्रतिशत रहँदा महिलाको दर पुरुषको भन्दा करिब १२.३ ले कम अर्थात ७६ प्रतिशत मात्र रहेको देखिन्छ। नेपाल जीवनस्तर सर्वेक्षण प्रतिवेदन २०२४ अनुसार बागमती प्रदेशमा श्रम सहभागिता दर ४१.२ प्रतिशत रहेको पाइन्छ। बागमती प्रदेशमा स्थायी बसोबास गर्ने कुल ३ लाख ९७ हजार व्यक्तिहरु राष्ट्रिय जनगणनाको समयमा विदेशमा रहेका कारण अनुपस्थितको रुपमा दर्ता भएका छन्। यसरी विदेश जाने मध्ये करिब ६१ प्रतिशतको अनुपस्थितिको उद्देश्य रोजगारी तथा व्यवसाय गर्ने भन्ने देखिएको छ भने २८ प्रतिशत अध्ययनका कारण विदेशमा रहेको बुझिएको छ, वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको ठूलो हिस्सा ४४.६ प्रतिशत देखि ५०.९ प्रतिशत सम्म अदक्ष श्रमिकको रुपमा विदेश जाने गरेको पाइएको छ। यसरी विदेश जानेहरुमा दक्ष श्रमशक्तिको हिस्सा समेत उल्लेख्य रहेको छ। आर्थिक वर्ष २०१९/२० — २०२१/२२ अनुसार ३९ प्रतिशत देखि ४७ प्रतिशत सम्म दक्ष कामदारहरु वैदेशिक रोजगारीमा जानेगरेको तथ्याङ्कमा देखिन्छ।

## २. औपचारिक TVET प्रदायकहरूको प्रोफाइल

औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम अन्तर्गत एसईई पश्चातका १८ महिने प्रि-डिप्लोमा तह, ३ वर्षे डिप्लोमा तह र ९-१२ अन्तर्गत सामुदायिक विद्यालयमा सञ्चालन गरिने प्राविधिक धारका

कार्यक्रमलाई समावेश गरिएको छ भने अनौपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम कार्यक्रम अन्तर्गत १४० घण्टा देखि १६९६ घण्टा सम्मका छोटो अवधिका व्यावसायिक तालिम कार्यक्रमहरुलाई समेटिएको छ। बागमती प्रदेशमा कुल ३५४ वटा लामो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदायक संस्थाहरु सञ्चालनमा रहेको पाइन्छ। उक्त ३५४ प्राविधिक शिक्षालयहरुमा सबै तह र कार्यक्रमहरुमा गरेर २४,७६३ व्यक्तिहरुले आ-आफ्नो रोजाई अनुसारका प्राविधिक शिक्षाका कार्यक्रम हासिल गर्न सक्दछन्।

आर्थिक वर्ष २०७६/७७ मा भर्ना दर सबैभन्दा उच्च देखिएको छ भने अन्तिम आर्थिक वर्ष २०८०/८१ मा भर्नादर सबैभन्दा न्यून देखिएको छ। प्रशिक्षार्थी भर्ना दर विश्लेषण गर्दा आङ्गिक कार्यक्रममा विश्लेषण अवधिको पहिलो वर्ष सबैभन्दा बढी ८५ प्रतिशत अन्तिम वर्षमा सबैभन्दा कम ७१ प्रतिशत रहेको पाइन्छ। यसैगरी सम्बन्धन प्राप्त नीजि प्राविधिक शिक्षालयमा सोही अवधिको पहिलो वर्ष ७८.१ प्रतिशत र अन्तिम वर्ष ६७.७ प्रतिशत सम्म रहेको पाइन्छ।

कुल १३ जिल्ला र ११९ स्थानीय तह रहेको बागमती प्रदेशको ११३ वटा पालिकाहरुमा कुनै न कुनै प्रारुपमा प्राविधिक शिक्षालयहरु सञ्चालित रहेका छन् भने बाँकी ६ वटा स्थानीय तहमा प्राविधिक शिक्षालय खुलेका वा सञ्चालनमा रहेका पाइदैन। सबैभन्दा धेरै पालिकाहरुमा प्राविधिक शिक्षालयको संस्थागत पहुँच नपुगेका जिल्ला नुवाकोट हो, जहाँ १२ मध्ये २ पालिकाहरुमा संस्थागत पहुँच पुगेको छैन। यस्तै रसुवा, काभ्रेपलान्चोक, रामेछाप र चितवन जिल्लाका १/१ पालिकामा प्राविधिक शिक्षालयको संस्थागत पहुँच पुगेको देखिँदैन भने अन्य जिल्लाका सबै पालिकाहरुमा कुनै न कुनै प्रारुपमा प्राविधिक शिक्षालयहरु खुलेका पाइन्छन्।

## ३. अनौपचारिक TVET प्रदायकहरूको प्रोफाइल

यस खण्डमा छोटो अवधिका व्यावसायिक तालिम प्रदायक संस्थाको विवरण तथा सीप परीक्षण सम्बन्धि विवरण समावेश गरिएको छ। यसमा विभिन्न जिल्लाहरूमा छोटो अवधिका तालिम प्रदायकहरूको विवरण, जस्तै कृषि, निर्माण, उत्पादन, निर्माण उपकरण, आतिथ्य सेवा, सूचना प्रविधि र अन्य क्षेत्र समेटिएको छ। साथै, सीप परीक्षणका आवेदकहरू र दीक्षान्तहरूको विवरण जिल्लागत तथा स्तर १,२,३ र ४ को वर्गीकरणसहित प्रस्तुत गरिएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले १४० घण्टा देखि १६९६ घण्टा सम्मका व्यावसायिक तालिमका पाठ्याक्रम निर्माण गरेको छ। यसैगरी राष्ट्रिय सीप परीक्षण समितिबाट ३१४ वटा राष्ट्रिय व्यावसायिक सीप प्रमाणिका निर्माण गरी सोही अनुरुप सीप परीक्षणका कार्यहरु सञ्चालन गर्दै आएको छ। परिषद्ले आर्थिक वर्ष २०७९/८० को मसान्त १६१० वटा छोटो अवधिका व्यावसायिक तालिम प्रदायक संस्थाहरुलाई निश्चित पाठ्यक्रम तथा ट्रेडमा कार्यक्रम सञ्चालन गर्ने गरी सम्बन्धन दिएकोमा ७९० वटा शिक्षालय बागमती प्रदेशमा पर्दछन्। उक्त शिक्षालयहरुलाई प्रति शिक्षालय ६.१४ वटा ट्रेडहरुमा कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गरेको छ।

## ४. उद्योग र रोजगार प्रोफाइल

उद्योगहरुको नियमन गर्ने प्रमुख निकाय उद्योग विभागले साना देखि ठूला सम्म उद्योगहरुको तथ्याङ्क अद्यावधिक गर्दै आएको छ। उक्त विवरण अनुसार बागमती प्रदेशमा कुल ५९६३ उद्योगहरु रहेको छ। उद्योगको क्षेत्रगत वर्गीकरण अनुसार सबैभन्दा ठूलो हिस्सा सेवामूलक उद्योग ३४.१ प्रतिशत र दोस्रो क्रममा उत्पादनमूलक क्षेत्र पर्दछ जसमा २९.४ प्रतिशत उद्योगहरु संचालनमा रहेका छन्। यसैगरी पर्यटन उद्योग २५.६ प्रतिशत र कृषि तथा वनजन्य उद्योग ४.४ प्रतिशत रहेको पाइन्छ।

यसैगरी बागमती प्रदेशमा रहेका कुल ५९६३ उद्योगहरुमा सबैभन्दा बढी ७४ प्रतिशत साना उद्योगहरुको हिस्सा रहेको छ भने १७ प्रतिशत मझौला उद्योग र ९ प्रतिशत ठूला उद्योगहरुको हिस्सा रहेको छ। बागमती प्रदेशका कुल ५९५३ उद्योगहरुको रोजगारीको तथ्याङ्क उपलब्ध भएकोमा प्रति उद्योग ६४ का दरले कुल ३८१,६३९ जनशक्ति कार्यरत रहेको पाइन्छ। जसमध्ये सबैभन्दा धेरै जनशक्ति मझौला उद्योगमा त्यस पश्चात ठूला उद्योग र सबैभन्दा कम साना उद्योगहरुमा रहेको पाइन्छ।

यसरी दर्ता भएका उद्योगहरुको सन्दर्भमा काठमाण्डौ जिल्लामा सबैभन्दा धेरै (कुल ३८९९ वटा) उद्योग दर्ता भएका छन् भने सिन्धुली जिल्लामा केवल ३ वटा उद्योग मात्र दर्ता भएका छन्। बागमती प्रदेशका यी उद्योगहरुबाट कुल ३८१,६३९ रोजगारी सिर्जना हुने क्षमता रहेको देखिन्छ भने यसरी दर्ता भएका उद्योगहरु पूर्ण वा आँशिक रुपमा सञ्चालनमा नआएको अवस्था पनि देखिएको छ।

यस प्रोफाइलले बागमती प्रदेशमा प्राविधिक शिक्षा सम्बन्धी नीति, नियम, ऐन, तथा मार्गदर्शनहरू निर्माण गर्न सहयोग गर्नेछ। यो प्रोफाइल एक पटकमा पूर्णरूप दिन सम्भव नभएको हुनाले यसको परिमार्जन तथा अद्यावधिक गर्न आवश्यक रहेको छ। हरेक वर्ष तथ्याङ्कहरू फेरबदल हुने गरेकोले TVET प्रोफाइलको तथ्याङ्कहरू अद्यावधिक गर्नुपर्दछ। यस TVET प्रोफाइलको निर्माणका लागि सबै निकायहरुबाट आवश्यक सहयोग भएको खण्डमा यसलाई पूर्णरूप दिन सकिने छ। यस प्रोफाइललाई डिजिटलाइज्ड गरी सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र परिषद्को वेबसाइटमा राख्ने व्यवस्था गरिनेछ।

# परिच्छेद एक
# परिचय

## १.१ परिचय

देशको मध्य भागमा रहेको यस बागमती प्रदेशको कुल क्षेत्रफल २०,३०० वर्ग कि.मी. रहेको छ। नेपालको कुल भू-भागको १३.७९५ प्रतिशत भू-भाग यस प्रदेशले ओगटेको छ। यस प्रदेशको पूर्वमा कोशी प्रदेश, पश्चिममा गण्डकी प्रदेश, उत्तरमा चिन, दक्षिणमा मधेस प्रदेश र भारत पर्दछन्। यस प्रदेश समुद्री सतहदेखि १४१ मिटर उचाईमा रहेको चितवनको गोलाघाटदेखि रसुवा जिल्लाको ७,२२७ मिटर उचाईमा रहेको लाङटाङ हिमालसम्म फैलिएको छ। यस प्रदेशमा काठमाडौं उपत्यकाका तीन जिल्ला, अन्य पहाडी क्षेत्रका दुई, हिमाली क्षेत्रका पाँच र भित्री मधेशका तीन गरि कुल १३ जिल्ला र ११९ स्थानीय तह पर्दछन्।

नेपालको संविधान बमोजिम तीन तहको शासकीय व्यवस्था कार्यान्वयनमा आएपछि बागमती प्रदेश सरकारको स्थापना भई सञ्चालनमा रहेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी सम्पूर्ण कार्य क्षेत्र प्रदेश सरकारको जिम्मेवारी भित्र पर्दछ। यसको योजनावद्ध विकास गरी प्रदेशमा रोजगारीका अवसरहरुमा वृद्धि गर्ने र प्रदेशको समग्र आर्थिक वृद्धिमा सहयोग पुर्याउने उद्धेश्यका साथ प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले यस क्षेत्रमा नीतिगत, कानुनी र संस्थागत व्यवस्था गर्दै कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

यस प्रदेशभित्र हाल आङ्गिक, साझेदारी, परिषद्सँग सम्बन्धन लिएका सामुदायिक विद्यालय र निजी संस्थाहरूले डिप्लोमा, प्रमाणपत्र तह र प्रि-डिप्लोमा तथा छोटो अवधिको सीपमूलक तालिम सञ्चालन गरिरहेका छन्। नेपालमा प्राविधिक शिक्षा सञ्चालन गर्ने संस्थाहरूमा आङ्गिक ६६, साझेदारी ५५, सामुदायिक ६३९, नीजि ४२२ गरी जम्मा ११८२ वटा संस्थाहरू रहेका छन्। जसमध्ये यस प्रदेशमा कुल संस्थाहरूमध्ये ३५४ संस्थाहरू सञ्चालनमा छन्। कार्यक्रमको हिसाबले झण्डै ४६ प्रतिशत कार्यक्रमको भार यस प्रदेशमा रहेको छ। यस प्रदेशमा आङ्गिक १८, साझेदारी ८, सामुदायिक ११८, निजी १२१, र प्राविधिक धार (९-१२) ८९ संस्थाहरु रहेका छन्। जसमध्ये ३४.२ प्रतिशत नीजिस्तरमा सञ्चालित रहेका छन्। सामुदायिक संस्थाहरू ३३.३ प्रतिशत छन् भने आङ्गिक ५.१ प्रतिशत, २.३ प्रतिशत साझेदारीमा शिक्षालयहरु र २५.१ प्रतिशत प्राविधिक धार (९-१२) मा सञ्चालित विद्यालयहरु रहेका छन्। यस प्रदेशभित्रका १३ जिल्लाहरूमध्ये रसुवा, सिन्धुली र भक्तपुरमा आङ्गिक शिक्षालय स्थापना हुन सकेको छैन। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को प्रदेश कार्यालय सञ्चालनमा रहेको छ। यसै गरी प्रदेश सरकारले प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्को स्थापना गरिसकेको छ। स्थानीय तहको सीप विकास तालिमको माग बमोजिम प्रदेश कार्यालय मार्फत तीन महिना अर्थात ३९० घण्टाका सीप विकास तालिम सञ्चालन भइरहेका छन्।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धि प्रोफाइल सीप विकास, रोजगार, र प्राविधिक शिक्षा सम्बन्धि वर्तमान अवस्था र सम्भावनालाई समेट्ने दस्तावेज हो। यसले प्रदेशको नीति निर्माणमा मद्दत पुर्‍याउन, श्रम बजारको माग र आपूर्तिको सन्तुलन थाहा पाउन, विगतमा सञ्चालित कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्न र स्रोत परिचालन गर्न सहयोग गरी श्रम बजार, उद्योग र शिक्षा क्षेत्रलाई एकीकृत गरेर दीर्घकालीन विकास र रोजगारी प्रवर्द्धनमा योगदान पुर्‍याउने उद्देश्यका साथ यस प्रोफाइल तयार गरिएको हो। यस प्रोफाइलमा

हालसम्म रोजगारीको अवसर र बजारको मागको अवस्था पहिचान गर्नुका साथै भविष्यमा हुन सक्ने जनशक्तिको मागको आधारमा प्राथमिक तथ्यांकको विश्लेषण गर्ने प्रयास गरिएको छ।

प्रदेशको कार्य जिम्मेवारी कानुनी रूपमा एकीन हुन नसक्नु, र प्रदेशबाट तर्जुमा गरिएको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद् ऐन, २०७५ कार्यान्वयनमा आउन नसक्नु, प्राविधिक शिक्षालाई योजनबद्ध रूपमा सञ्चालन गर्न नसक्नु र प्रदेश तहमा पर्याप्त योग्य र दक्ष जनशक्ति नहुनु यस क्षेत्रको विकास र विस्तार गर्न समस्याको रूपमा रहेका छन्।

यस प्रदेशको सबै जिल्लामा आङ्गिक शिक्षालयहरूको स्थापना र सञ्चालन गर्नु, सबै स्थानीय तहहरूमा प्राविधिक विद्यालयहरूको स्थापना गरी सबै क्षेत्रमा प्राविधिक शिक्षा एवम् सिपमूलक तालिमको पहुँचमा बिस्तार गर्नु, शिक्षालय एवम् सामुदायिक विद्यालयमा सञ्चालित प्राविधिक शिक्षा कार्यक्रम र निजीस्तरबाट सञ्चालन भएका संस्थाहरूबाट सञ्चालन हुने शैक्षिक कार्यक्रम एवम् तालिमहरूको गुणस्तर अभिवृद्धि गर्नु, कक्षा ९ देखि १२ सम्म सञ्चालन भएका विद्यालयमा आधारित प्राविधिक शिक्षा र परिषद् मार्फत सञ्चालित शैक्षिक कार्यक्रमहरूका बीचमा एकरूपता कायम गर्दै समान गुणस्तर सुनिश्चत गर्नु, STEAM सँग सम्बन्धित कार्यक्रमको विकास र सञ्चालन गर्नु र परम्परागत रूपमा स्वयं सीप सिकेका तथा आधुनिक प्रविधिबाट सीप सिकेका व्यक्तिको सीप परीक्षण तथा प्रमाणीकरण गर्दै संस्थागत बनाउनु, शिक्षा र सिकाईलाई रोजगारीसँग आवद्ध गर्न उद्योगसँग जोड्नु चुनौतीको रूपमा रहेको देखिन्छ। यसै गरी विद्यमान शिक्षण संस्थाहरुको क्षमताको पूर्ण उपयोग गर्नु र समग्र तालिमलाई थप सान्दर्भिक र गुणस्तरीय बनाउनु प्रमुख चुनौतीका रुपमा रहेका छन्। यी सबै पक्षलाई सम्बोधन गर्ने गरी आधारभूत जानकारी र तथ्य-तथ्याङ्क संकलन र गुणस्तरीय प्रदेश प्रोफाइल विकास गरी प्रदेश स्तरको रणनीतिक योजना विकास गर्ने काम पनि समस्या तथा चुनौती कै रुपमा रहेको छ।

**प्रोफाइलको आवश्यकता**

संवैधानिक प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै प्रदेशको दीर्घकालीन सोच बमोजिम शिक्षाका कार्यक्रमहरूलाई मार्गदर्शन गर्दै शिक्षालाई आर्थिक सामाजिक रूपान्तरणको माध्यमको रूपमा विकास गर्नु जरुरी रहेको छ। प्रदेश भित्र स्वरोजगार र रोजगारीका अवसरहरमा वृद्धि गर्नका लागि सीप विकास अभिवृद्धि गर्न यो प्रोफाइलको आवश्यकता रहेको छ। कृषि, निर्माण, सेवा, बेरोजगारी समस्या तथा बजारको मागको सम्वोधन मार्फत प्रदेशको आर्थिक वृद्धि गर्न र दीगो विकासका लक्ष्यहरु प्राप्तिका लागि प्रदेशले तयार गर्ने रणनीतिक योजना तर्जुमा गर्न यो प्रोफाइलको आवश्यकता रहेको छ। प्रोफाइल निर्माणको थप औचित्यहरू निम्नानुसार उल्लेख गरिएको छ :

- कस्तो जनशक्तिको माग र खाँचो छ पत्ता लगाउन
- कुन र कस्ता जनशक्ति आवश्यकता भन्दा वढी छन् पहिचान गर्न
- कस्ता जनशक्तिहरु हामीले उत्पादन गरिरहेका छौं ? जानकारी हासिल गर्न
- प्रमुख समस्या तथा चुनौती के हो पहिचान गर्न
- आफ्नो सक्षमता र कमजोरी पहिचान गर्न
- उद्योग र जागिर प्रदान गर्ने संस्थाको आवश्यकता र समस्या पहिचान गरी समाधान गर्न

- शिक्षालय र उद्योगका बीचमा सम्बन्ध बलियो बनाउन
- जनशक्ति विकासका लागि आवश्यक स्रोत र साधनको पहिचान र व्यवस्थापनमा सहजता ल्याउँन
- आफ्नो प्रदेशको नीतिगत व्यवस्था अरु प्रदेशको तुलनामा के कस्तो छ भनी विश्लेषण गर्न

## १.२ प्रदेश स्तरीय TVET संचालन सम्बन्धि कानुनी व्यवस्था र अभ्यासहरू

प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई योजनाबद्ध रुपमा विकास र विस्तार गर्न शिक्षा र उद्योग बीचको समन्वय र सहकार्य मार्फत रोजगारका अवसरहरु प्रदान गर्नका लागि कानुनी, नीतिगत र कार्यक्रमगत व्यवस्था निम्नानुसार रहेको छः

### क. नेपालको संविधान

नेपालको संविधानले मौलिक हकको रूपमा आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। संविधानको दफा ५१ को (ज) मा राज्यका नीति अन्तर्गत शिक्षालई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमुलक, रोजगारमूलक एवम् जनमुखी बनाउदैं सक्षम प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने भनी उल्लेख गरेको छ। यसबाट संविधानले प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा जोड दिई रोजगारमूलक एवम् जनमुखी बनाउन मार्गदर्शन गरेको छ।

### ख. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति (२०६९)

यस नीतिले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रको विकासका लागि नीतिगत मार्गदर्शन गरेकोछ। नीतिले लिइएको उद्धेश्य र उक्त उद्धेश्य प्राप्तिको लागि देहायको नीतिगत व्यवस्था गरेको छ।

| उद्धेश्य | नीति |
|---|---|
| १. देशको आर्थिक उन्नतिकालागि योग्य सक्षम प्रतिस्पर्धि र उत्पादनशील जनशक्ति तयार गर्न र सबैका लागि रोजगारीका अवसर सिर्जना गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरुको व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरुका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्नु।<br>२. परामपरागत सीप, क्षमता र योग्यताको पहिचान, संरक्षण ,सर्वधन र  विकास गर्नका साथ औपचारिक तथा अनौपचारिक रुपमा सिकेका सीपलाई समेत समेटी राष्ट्रिय र अन्तरारष्ट्रिय रोजगार बजारका मागअनुरुप उपयुक्त, सान्दर्भिक एवम् गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदान गर्नु | १. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुमा व्यापक विस्तार गर्ने<br>२. व्यावसायिक तालिममा पहुँच सुनिश्चतता र समावेशीकरण गर्ने<br>३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम तथा व्यावसायिक वृत्ति विकासका प्राज्ञिक मागका समायोजन तथा स्तर निर्धारण गर्ने<br>४. प्राविधिक शिक्षा एवम् व्यावसायिक तालिमका पाठ्यक्रम कार्यान्वयनमा गुणस्तर र सान्दर्भिकतामा जोड दिदैं सरोकारवालाहरू समेत सम्मिलित संयन्त्रबाट त्यसको स्वतन्त्र  मूल्याङ्कन गर्ने |

| | |
|---|---|
| ३. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदायक निकाय तथा संस्थाहरुलाई समन्वयात्मक रुपबाट अघि बढाई स्रोत र साधनका अधिकतम उपयोग गर्नु । | ५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि नेपाल सरकार र दातृ निकायका संयुक्त लगानीमा कोष स्थापना गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रभावकारी रुपमा सञ्चालन गर्ने। |

### ग. शिक्षा ऐन, २०२८ (संशोधनसहित)

शिक्षा ऐन २०२८ मा प्राविधिक शिक्षाको विकासका लागि सम्बन्धित विषयक्षेत्रको प्रतिनिधित्वको आवश्यकता महसुस गरी शिक्षा सम्बन्धि नीति निर्धारण गर्न नेपाल सरकारलाई सल्लाह दिनका लागि माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय शिक्षा परिषदमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का उपाध्यक्ष सदस्य रहने व्यवस्था छ।

### घ. राष्ट्रिय योग्यता प्रणाली

औपचारिक साधारण शिक्षा पद्धति, प्राविधिक तथा व्यावसायिक शिक्षा पद्धति, अनौपचारिक शिक्षा एवम् अरीतिक शिक्षा पद्धति जस्तै परम्परागत वा अनुभवका आधारमा हासिल गरेको शिक्षाको पहिचान र स्तरीकरणका लागि प्रभावकारी व्यवस्थापन गरी नागरिकहरूले प्राप्त गरेका शिक्षालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गराउन नेपाल सरकारले यो प्रारूपको तयार गरेको हो। सिकाई उपलब्धिको मापनयोग्य मापदण्डको आधार तयार गर्ने, औपचारिक तथा अनौपचारिक पद्धतिबाट अध्ययन गरी हासिल गरेको ज्ञान, सीपलाई परीक्षण तथा प्रमाणित गर्ने र शिक्षाको कुन तहसँग समकक्षता छ र श्रम बजारमा के कस्तो सम्बन्ध रहन्छ भनेर ज्ञान, सीप तथा सक्षमता प्रमाणीकरण गर्ने निश्चित मापदण्डमा आधारित ढाँचालाई नेपालको संन्दर्भमा राष्ट्रिय योग्यता प्रारूपका रूपमा परिभाषित गरिएको छ। साधारण शिक्षाको योग्यता प्रारूप, राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप र अनौपचारिक शिक्षा योग्यता प्रारूपहरूको समष्टिलाई राष्ट्रिय योग्यता प्रारूप मानिएको छ र यी तीन योग्यता प्रारूपहरू राष्ट्रिय योग्यता प्रारूपका अभिन्न अङ्गको रूपमा रहेका छन्।

राष्ट्रिय योग्यता प्रारूपले समेट्ने केही कार्यहरू छुट्टाछुट्टै निकायबाट सम्पादन भइरहेको सन्दर्भमा नेपालको समग्र शिक्षा पद्धतिलाई स्तरीकृत गर्न, व्यक्तिले औपचारिक, अनौपचारिक तथा जीवन अनुभवबाट सिकेका ज्ञान, सीप तथा योग्यताको वर्गीकरण, परीक्षण गरी सिकाई सक्षमताका आधारमा प्रमाणीकरण गर्न, एक प्रकारको शैक्षिक धारवाट अर्को प्रकारको शैक्षिक धारमा जान पाउने व्यवस्थाको कानुनी मापदण्ड सुनिश्चित गरी शैक्षिक न्यायको अवस्था सिर्जना गर्न, विभिन्न शैक्षिक निकायद्वारा निर्धारित योग्यताको अन्तरसम्बन्ध निर्धारण गर्न, ती निकाय बीच समन्वय र सहकार्यका लागि आवश्यक सहजीकरण गर्न, शिक्षा र श्रम बजार बीचको अन्तरसम्बन्ध सुदृढ गरी देशको आर्थिक, सामाजिक विकासमा सहयोग गर्ने मूल अभिप्रायले राष्ट्रिय योग्यता प्रारूप निर्धारण र कार्यान्वयन गर्नु आवश्यक भई सो प्रारुप विकास गरिएको हो।

प्रारूपमा लम्बीय र समतलीय (Lateral and Horizontal) आवतजावत तथा प्रवेश पद्दति (पारगम्यता) को प्राबधान राखिएको छ। साधारण शिक्षावाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) क्षेत्रमा र TVET क्षेत्रवाट साधारण शिक्षामा प्रवेश गर्न सकिने व्यवस्था गरिएको छ। साथै, अनौपचारिक र अरीतिक/अनियमित सिकाईबाट साधारण शिक्षा र TVET क्षेत्रमा प्रवेश गर्न मार्ग प्रशस्त गरिएको छ। नेपाल सरकारवाट स्वीकृत प्रारुपको ढाँचा तल प्रस्तुत गरिएको छ।




(+) = प्राविधिक योग्यताको प्रमाणपत्र वा डिग्री हासिल गर्न नपुग अतिरिक्त ज्ञान एवम् सिकाइ
(क्युए QA) = राष्ट्रिय योग्यता प्राधिकरणले तोकिएको मापदण्ड अनुसार योग्यता परीक्षण
(एनभिक्यु NVQ) = राष्ट्रिय व्यावसायिक योग्यता
(एनक्यु NQ) = राष्ट्रिय योग्यता
ISCED: International Standard Classification of Education

यसको मुख्य उद्धेश्य प्रत्येक नागरिकलाई विद्यालय शिक्षा, उच्च शिक्षा तथा प्राविधिक शिक्षाको सहज पहुँचको अवस्था सिर्जना गर्नु र सिकाईलाई बढी लचिलो बनाई सान्दर्भिक, गुणस्तरीय र व्यवहारिक बनाउनु, शिक्षा र श्रम बजार बीच समन्वय स्थापित गरी श्रम बजारको आवश्यकता अनुसार जनशक्ति तयार गर्न सहयोग गर्नु र शिक्षा र तालिमबीच समन्वय, सहकार्य तथा एकीकरण गरी योग्यता तथा सिकाई सक्षमता परिभाषित गरी प्रमाणीकरण गर्नु हो।

## ङ. प्रदेशसँग सम्बन्धित नीति, कानुन, नियम, संरचना र अन्य प्रयासहरु

बागमती प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रलाई थप व्यवस्थित र योजनाबद्धरुपमा विकास गर्ने उद्धेश्यले नीति तथा कानुनी र संरचना लगायतका व्यवस्था र अन्य अभ्यासहरु निम्नानुसार उल्लेख गरिएको छः

- **बागमती प्रदेशको शिक्षा नीति**

बागमती प्रदेश सरकारले "बागमती प्रदेशको शिक्षा नीति, २०८१" जारी गरेको छ। सो नीतिमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको विषयमा निम्नानुसार उल्लेख गरिएको छः

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने।
२. प्रदेशभित्र आवश्यक संख्यामा बहुप्राविधिक (Polytechnic) शिक्षालयको स्थापना र सञ्चालन गर्ने।
३. व्यावसायिक तथा प्राविधिक शिक्षाको पारगम्यता (Transferability) सुनिश्चित गर्ने।
४. विद्यार्थीहरूका लागि वृत्ति मार्गनिर्देशन सेवा (Career Counselling Service) सञ्चालन गर्ने।
५. प्रदेशभित्र रहेका उद्योग, कलकारखाना, व्यवसायी, व्यापारी, उद्यमी तथा अन्य सरोकारवालासँग सहकार्य गरी पढाईलाई रोजगारीसँग आबद्ध गर्ने।

ऐनमा माथि उल्लिखित नीतिहरुलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि प्रत्येक नीतिगत व्यवस्थाका लागि कार्यनीतिहरु समेत उल्लेख गरिएको छ।

- **कानुनी तथा संरचनात्मक व्यवस्था**

यस प्रदेशमा TVET क्षेत्रको विकासका लागि प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद ऐन, २०७५ र नियमावली, २०८० जारी भई कार्यान्वयनमा रहेको छ। प्राविधिक सीपको स्तर निर्धारण एवम् प्रमाणीकरणका लागि प्राविधिक शिक्षा तथा तालिम परिषद्को स्थापना गर्न आवश्यक भएकोले सोही ऐन तथा नियमावलीको कार्यान्वयनको क्रममा प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् स्थापना गरी कार्यक्रम कार्यान्वयनमा संलग्न रहेको छ। प्रदेश सरकारबाट यस क्षेत्रमा गरिने कार्यक्रमहरुको योजनाबद्ध विकास गरी शिक्षालई रोजगारीका अवसरहरु प्रदान गर्नु यसको मुख्य उद्धेश्य रहेको छ।

- **TVET सम्बद्ध कार्यक्रमहरू**

प्रदेशमा उद्योगसँगको सहकार्य र साझेदारीको लागि सामाजिक विकास मन्त्रालय, उद्योग परिसंघ र इन्सयोर परियोजना बीच साझेदारी गरी यस क्षेत्रको विकासमा सहयोग र सहकार्य भइरहेको छ। एप्रेन्टिसीप तालिम सञ्चालनका लागि उद्योगसँग निरन्तर सहकार्य भइरहेको छ। यसै गरी सीप परीक्षण र उद्योगमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिका लगि परियोजना मार्फत प्रदेश सरकारले तालिमहरु सञ्चालन गर्दै आएको छ। साथै

प्रदेश र स्थानीय तहमा कार्यरत पदाधिकारी र अन्य जनशक्तिहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेको छ।

**प्रदेश भित्र TVET को क्षेत्रमा सिमान्तकृत समुहका लागि प्रदेश सरकारबाट विशेष कार्यक्रमहरु**

संघीय सरकारबाट शिक्षालयहरु मार्फत सिमान्तकृत समुदायको लागि छात्रवृत्ति कार्यक्रम मार्फत तालिमहरु सञ्चालन भइरहेका छन्। प्रदेश सरकारबाट सञ्चालन भइरहेको एप्रेन्टीसिप तालिममा सिमान्तकृत समुदायहरुको लागि प्राथिमकता दिई भर्ना गरी तालिमका अवसरहरु प्रदान गर्ने कार्य भइरहेको छ।

यस क्षेत्रको विकासका लगि नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना, दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना र युवाहरुकालागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (क्वालिटी) परियोजना कार्यान्वयनमा रहनु र प्रदेश सरकारले सीपमूलक तालिमको लागि प्रत्येक वर्ष बजेटको व्यवस्था गर्नु नै प्रदेशको TVET को विकासका लागि अवसरको रुपमा रहेका छन्। यसै गरी सीप परीक्षणको शुरुवात प्रदेश तहबाट नै हुनु र स्थानीय तहले यस क्षेत्रको विकासका लागि लगानी बढाउदैं जानु यस क्षेत्रको विकासको संभावना रहेको देखिन्छ।

## १.३ प्रोफाइलको विकासको उद्देश्य

यस प्रदेशको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रको प्रोफाइलको मूल उद्धेश्य बागमती प्रदेशले जारी गरेको बागमती प्रदेशको शिक्षा नीति, २०८१ र प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद ऐन, २०७५ को मर्म र भावनालाई सम्बोधन गर्न TVET रणनीति विकास गर्नका लागि सूचना तथा जानकारी उपलब्ध गराउनु हो। यसका थप र विशिष्टीकृत उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क. प्रादेशिक TVET रणनीति विकास गर्न विद्यामान प्रदेशका शिक्षालय, उद्योग तथा रोजगारदाता र अन्य सम्बन्धित क्षेत्रका आवश्यक र सम्भाव्य तथ्य तथ्याङ्क व्यवस्थित गर्नु,

ख. प्रदेशलाई आवश्यक पर्ने प्राविधिक र सीपयुक्त जनशक्तिको अवस्था पहिचान गर्नु,

ग. प्रदेशभित्र सञ्चालन भएका उद्योगहरुको अवस्था र आवश्यकता पहिचान गर्नु,

घ. प्रदेश भित्रका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम शिक्षण संस्थाहरुको क्षमता पहिचान गर्नु,

ङ. प्रदेश सरकार, निजी क्षेत्र र नागरिक समाजबीचको सहकार्यको अवस्था र आवश्यकता पहिचान गरी उजागर गर्नु,

च. TVET कार्यक्रम अन्तरगत जीवनपर्यन्त सिकाईको अवस्था र आवश्यकता पहिचान र उजागर गर्नु,

छ. बागमती प्रदेशका TVET क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरु पहिचान गर्नु ।

## १.४ प्रोफाइलको क्षेत्र र सीमा

यस प्रोफाइलको क्षेत्र र सीमा देहाय अनुसार उल्लेख गरिएको छः

- **प्रोफाइलको क्षेत्र**

यस प्रोफाइलमा बागमती प्रदेश भित्रको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसँग सम्बन्धित क्षेत्रहरुलाई समावेश गरिएको छ। प्रदेशभित्र स्थापना र सञ्चालन भएका उद्योगहरुको वितरण तथा विद्यमान अवस्था, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षालय/विद्यालय र अन्य शिक्षण संस्थाहरुको विवरण लगायत औपचारिक सेवाका तथा रोजगारीका क्षेत्रहरुको विवरण समेत उपलव्धताका आधारमा प्रोफाइलमा समावेश गरिएको छ।

- **प्रोफाइलको सीमा**

यस प्रोफाइल विकास गर्ने क्रममा प्रदेशभित्रको औपचारिक सेवा क्षेत्र अन्तर्गत उद्योग, शिक्षण संस्थाहरु र रोजगारीका क्षेत्रहरुसँग सम्वन्धित विवरणहरु सङ्कलन गरिएको छ। यो प्रोफाइल विकासको क्रमममा द्बितीय स्रोत मार्फत संकलन गरिएका तथ्याङ्क वढी मात्रामा प्रयोग गरिएको छ। प्रदेश भित्र अनौपचारिक सेवा क्षेत्र अन्तर्गतको उद्योग, व्यापार तथा रोजगारीसँग सम्बन्धित तथ्याङ्क समेट्न सकिएको छैन्। प्राथमिक तथ्याङ्क संकलन गर्दा निश्चित विधिका आधारमा नमुना छनोट गरी नमुनामा परेका शिक्षण संस्था तथा प्रतिष्ठान (उद्योग र अन्य रोजगारदाता संस्था वा निकाय) बाट संकलन गरिएको छ।

## १.५ प्रोफाइल विकास प्रक्रिया

यस प्रोफाइल विकासको क्रममा विभिन्न चरणहरु अवलम्वन गरिएको थियो। यसका लागि TVET सँग सम्वन्धित विज्ञहरुसँगको छलफल तथा राय सहमतिका आधारमा प्रोफाइल विकास गरिएको हो। प्रोफाइल विकासको सुरुको चरणमा विज्ञहरुको उपस्थितिमा अभिमुखीकरण कार्यशाला आयोजना गरी पृष्ठपोषण संकलन गरिएको थियो। प्रोफाइल विकास गर्ने क्रममा TVET सँग सम्वन्धित दस्तावेजहरुको समीक्षा गरिएको थियो। यसैगरी सरोकारवालाहरुको लागि अभिमुखीकरण एवम् विभिन्न तहमा गोष्ठी सञ्चालन गरी राय सुझाव लिइएको थियो। संघीय तहका यस क्षेत्रका विज्ञहरुसँगको राय मन्थनबाट यसको ढाँचा एवम् विषय क्षेत्रहरु पहिचान गरिएको थियो।

यसैगरी राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क, आर्थिक जनगणना, आर्थिक सर्वेक्षण, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, उद्योग तथा वाणिज्य मन्त्रालय र श्रम तथा रोजगार मन्त्रालयसँग सम्वन्धित तथ्याङ्क एवम् सूचनाहरु लिने कार्य गरिएको थियो। तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्न उपयुक्त फारम र ढाँचा विकास गरिएको थियो। यसैगरी जनशक्तिको माग सङ्कलन तथा श्रम बजार विश्लेषणलाई गुणात्मक बनाउन तथा गुणस्तरीय तथा भरपर्दो स्रोतबाट द्बितीय स्रोतबाट तथ्याङ्क प्राप्त गर्ने प्रयास गरिएको थियो। यसका लागि तथ्याङ्कको सवल र कमजोर पक्ष एवम अवसरहरु

र चुनौतीहरु पहिचान एवम् तथ्याङ्कको अध्ययन र विश्लेषण समेत गरिएको थियो। यसरी तथ्याङ्कलाई व्यवस्थित गर्ने क्रममा वैज्ञानिक ढाँचामा व्यवस्थित गर्ने प्रयास गरिएको छ।

यस प्रोफाइल विकासका लागि मार्गदर्शन गर्न प्रदेशस्तरीय प्राविधिक समिति र प्रोफाइलको मस्यौदा तर्जुमा गर्न कार्यान्वयन समितिको गठन गरिएको थियो। यस क्रममा प्राविधिक समिति र मस्यौदा समितिले विज्ञहरुको परामर्शमा TVET क्षेत्रमा कार्यरत जनशक्तिहरु छनोट र परिचालन गरी प्राविधिक प्रशिक्षणमा सहभागी संस्थाहरूबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो। प्राथमिक तथ्याङ्क संकलन सम्बन्धि विस्तृत विवरण तल उल्लेख गरिएको छ।

**नमुना छनोट प्रक्रिया (Sampling Procedure)**

रोजगारीको माग र आवश्यकता सम्बन्धि तथ्य तथ्याङ्क पहिचान गर्न सहज छैन र समय अनुसार रोजगारीका विषयक्षेत्र पनि फरक पर्ने हुन्छ। विभिन्न निकायहरूबाट गरिएका नतिजाहरु पनि फरक हुन्छन्। कुन सर्वेक्षणलाई आधार मानी थप तथ्याङ्क संकलन गर्ने भन्ने निर्णय लिन पनि निश्चित आधार चाहिन्छ। लघु तथा घरेलु प्रकृतिका उद्योगहरुको रजिष्ट्रेसन तथा नियमन पहिले घरेलु उद्योग विभाग अन्तरगत हुने गरेको भएता पनि हाल प्रदेश अन्तरगत सम्वन्धित निकायबाट हुने गरेको छ। संघीय सरकारको अधिनमा रहुन्जेल करिव ६ लाखको संख्यामा यस प्रकारका लघु तथा घरेलु उद्योगहरु दर्ता भएको पाइएको छ। केही साना व्यवसायहरु स्थानीय तहमा दर्ता हुने गरेका भएता पनि यसको एकीकृत संख्या र सूची उपलब्ध नभएको अवस्था छ।

ठूलो प्रकारका उद्योग व्यवसायहरु कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई उद्योग विभागको नियमन अन्तरगत सञ्चालनमा रहेका हुन्छन। हाल यसको संख्या १० हजारको हाराहारिमा छ जसको नाम ठेगाना सहितको सूची उद्योग विभागको वेवसाइटबाट सहज रुपमा प्राप्त गर्न सकिन्छ। यसर्थ सीपको माग पहिचानका लागि रोजगार सर्वेक्षणको प्रयोजनका लागि सहज तथा प्रभावकारी बनाउने सिलसिलामा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई उद्योग विभागबाट नियमन भइरहेको उद्योगहरुको सूची बढी सान्दर्भिक हुने देखिएकोले यस प्रोफाइल तयार गर्दा त्यसैलाई आधार मानिएको छ ।

**तालिका १:** बागमती प्रदेशका कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएका उद्योग र नमुना सम्बन्धी विवरण

| **क्र.स.** | **जिल्ला** | **उद्योगको संख्या** | |
|---|---|---|---|
| | | **संख्या** | **नमुना (Sample)** |
| १ | भक्तपुर | १९८ | १२ |
| २ | चितवन | २५६ | १६ |
| ३ | धादिङ्ग | ८३ | ५ |
| ४ | दोलखा | ५२ | ३ |
| ५ | काठमाडौं | ३८९९ | २३६ |
| ६ | काभ्रे | १९० | १२ |
| ७ | ललितपुर | ९७३ | ५९ |

| क्र.स. | जिल्ला | उद्योगको संख्या | |
|---|---|---|---|
| | | संख्या | नमुना (Sample) |
| ८ | मकवानपुर | १३५ | ८ |
| ९ | नवाकोट | ६३ | ४ |
| १० | रामेछाप | १५ | १ |
| ११ | रसुवा | २४ | १ |
| १२ | सिन्धुपाल्चोक | ७२ | ४ |
| १३ | सिन्धुली | ३ | ० |
| | **बागमती प्रदेश** | **५९६३** | **३६१** |

कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भएका उद्योगको संख्या बागमती प्रदेशका १३ जिल्लामा जम्मा ५९६३ रहेको पाइयो। त्यसैलाई आधार मानी तथ्याङ्कशास्त्रमा प्रयोग गरिने क्रेजी र मोर्गन (Krejcie & Morgan) को सूत्र प्रयोग गरी निकालिएको थियो। यो सूत्र प्रयोग गर्दा ९५ प्रतिशत कन्फिडेन्स लेवल (confidence level) र ५ प्रतिशत त्रुटी (margin of error) लाई आधार मानी हिसाब गरिएको थियो। यस अनुसार तलको सूत्र प्रयोग गर्दा ३८४ वटा उद्योग पहिलो चरणमा छनोट भएको थियो।

Initial sample size $(n) = \frac{z^2 \times p \times q}{e^2}$ = ३८४

Where n sample size, z= १.९६ (z value for ९५% level of confidence), e= ०.०५ (error margin at ५%), p= ०.५ (prevalence) and q=१-p = ०.५

फेरि तलको सूत्र प्रयोग गर्दा, नमुनाको आकार (Sample size-ss) $= \frac{n}{1+\frac{n-1}{N}}$ = ३६१, where N= sample universe = ५९६३

सो नतिजालाई जिल्लाहरुमा समानुपातिक रुपमा (Proportionate Sampling) वर्गीकरण गरेको थियो (तालिका न. १)। तथ्याङ्क संकलन गर्ने क्रममा शैक्षिक संस्था र प्रतिष्ठान (उद्योग तथा रोजगार दिने निकाय) को निम्ति छुट्टा छुट्टै प्रश्नावाली विकास गरिएको थियो। यी प्रश्नावालीलाई कोबो सफ्टवेयर (KoboToolbox ) को रुपमा विकास गरी सर्वेक्षकहरुलाई उपलब्ध गराइएको थियो। यसरी कोबोको प्रयोगले तथ्याङ्क संकलन, विश्लेषण र व्यवस्थापन गर्न सहज भएको थियो। साथै सर्वेक्षण कार्यको अनुगमन र सहजीकरण गर्न समेत सजिलो र प्रभावकारी भएको थियो।

## १.६ प्रोफाइल विकास तथा कार्यान्वयनका चुनौतीहरु

यस बागमती प्रदेशको TVET प्रोफाइलको विकास तथा कार्यान्वयनको चुनौतीहरु निम्नानुसार रहेका छन्:

क. प्रोफाइल निर्माणका क्रममा द्धितीय स्रोतको तथ्याङ्कमा निर्भर गर्नु परेको र सीमित मात्रामा मात्र तथ्याङ्क उपलव्ध भएकाले स्रोतको गुणस्तरीयता र विश्वसनीयता एकीन गरी तथ्याङ्क सङ्कलन गर्नु

ख. सीमित विज्ञता, अनुभव र स्रोत साधानका आधारमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्नु

ग. सरोकारवालाहरु, मन्त्रालय तथा निकायहरुमा सीमित मात्रामा मात्र आवश्यकता अनुसारका प्रशासनिक तथ्याङ्कहरु उपलव्ध हुनु

घ. प्रोफाइलमा समावेश तथ्याङ्कहरूको निरन्तर अद्यावधिक गर्नका लागि मार्गचित्र तयार गर्नु

## १.७ प्रोफाइलको सङ्गठनात्मक ढाँचा

यस बागमती प्रदेशको प्रोफाइलको सङ्‌ठनात्मक ढाँचा छ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ। पहिलो परिच्छेदमा प्रदेशमा TVET को विद्यमान अवस्था र नीतिगत तथा कानुनी व्यवस्था र अभ्यासहरु, प्रोफाइलको तयारीको उद्देश्य, क्षेत्र, प्रोफाइल विकास प्रकिया, प्रोफाइल विकास र कार्यान्वयनका चुनौतीहरू र प्रोफाइल प्रस्तुतीकरण समावेश गरिएको छ। यसै गरी परिच्छेद दुईमा प्रदेशको आर्थिक,सामाजिक तथा जनसंख्यासँग सम्बन्धित विवरण र परिच्छेद तीनमा प्रदेशभित्रको औपचारिक TVET प्रदायकहरूको स्थितिसँग सम्बन्धित विवरणहरु प्रस्तुत गरिएको छ।

यस प्रोफाइलको परिच्छेद चारमा प्रदेशको अनौपचारिक TVET प्रदायकहरूको स्थितिसँग सम्बन्धित विवरण, परिच्छेद पाँचमा प्रदेशको रोजगारीका प्रमुख क्षेत्रहरुसँग सम्बन्धित विवरणहरु र परिच्छेद छ मा निचोड समावेश गरिएको छ। यसैगरी अनुसूचीहरुमा प्रदेश र स्थानीय तहसँग सम्बन्धित वर्गीकृत तथ्याङ्क एवम् विवरणहरु प्रस्तुत गरिएको छ।

# परिच्छेद दुई
# आर्थिक र जनसांख्यिकीय विवरण

## २.१ परिचय

यस परिच्छेदमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) क्षेत्रको माग र आपूर्तिको आधार विश्लेषण गर्न प्रदेशको जनसांख्यिक, आर्थिक, शैक्षिक, र श्रम सम्बन्धि विशेषताहरूको सुक्ष्म विश्लेषण गरिएको छ। यस अन्तरगत जनसंख्यालाई उमेर समूह, लिङ्ग, जातीय समूह र घरपरिवारको संरचनाका आधारमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ। यसैगरी आर्थिक पक्षको विश्लेषणका लागि जनसंख्याको आर्थिक सक्रियता, सक्रिय जनसंख्याको रोजगारीको अवस्थालाई लिङ्ग, उमेर समूह, र पेशाका आधारमा विश्लेषण गरिएको छ भने गरिबी, साक्षरता, र श्रम बजारका संकेतकहरूलाई पनि समेटिएको छ। यस परिच्छेदमा जनसंख्याको शैक्षिक अवस्थाको केही झलक समेत प्रस्तुत गरिएको छ। अन्त्यमा, श्रम पलायनको अवस्थाको विश्लेषण सन्दर्भमा गन्तव्य मुलुक र लिङ्गका आधारमा आप्रवासी श्रमिकको संख्या तथा फर्कने कामदारहरूको विवरण प्रस्तुत गरिएको छ।

## २.२ जनसंख्याको उमेरगत तथा सामाजिक अवस्था

तल उल्लेख गरिएको तालिका र रेखा चित्रले बागमती प्रदेशको जनसंख्याको विवरणलाई विश्लेषण गरेको छ, जसमा प्रदेशको जनसंख्यालाई उमेर समूह, लिङ्गको आधारमा र जातीय समूहको आधारमा जिल्लागत विश्लेषण गरिएको छ।




**रेखाचित्र १**: उमेर समूह र लिङ्ग अनुसार प्रदेशको जनसंख्या

स्रोत: *National Population and Housing Census (NPHC) २०२१, प्राप्त गरिएको https://censusnepal.cbs.gov.np/results/downloads/provincial/5 on 8/30/2024*

जनसंख्यालाई उमेर समुहमा विभाजन गरी विश्लेषण गर्दा ४ बर्ष भन्दा कम उमेर समुहका ६.७ प्रतिशत, ५ देखि १४ बर्ष उमेर समुहका १५.६ प्रतिशत र ६० बर्ष वा सो भन्दा बढि उमेर समुहका संख्या १०.७ प्रतिशत रहेको छ। विस्तृत विवरणका लागि अनुसूचीको तालिका १ हेर्नुहोला।




**रेखाचित्र २:** जातीय समूह अनुसार प्रदेशको जनसंख्या

स्रोत: *National Population and Housing Census (NPHC) २०२१, प्राप्त गरिएको Cast_Ethinicity_NPHC_२०२१.xlsx (live.com)*

माथि उल्लेख गरिएको रेखाचित्रले जनसंख्यालाई जातीगत रुपमा विश्लेषण गर्दछ, जसमा सबैभन्दा ठूलो हिस्सा पहाडी जनजातीको रहेको पाइन्छ (५०.९५ प्रतिशत)। यसैगरी जनजाती बाहेकका अन्य पहाडी समुदायको हिस्सा कुल जनसंख्यको ४१.१ प्रतिशत रहेको पाइन्छ।




**रेखाचित्र ३:** महिलाको जनसंख्या

माथि उल्लेख गरिएको रेखाचित्रले महिलाहरूको सबैभन्दा उच्च जनसंख्या १०,०५,८६१ काठमाडौं जिल्लामा रहेको छ भने सबैभन्दा न्यूनतम् महिला जनसंख्या २२,६५४ रसुवा जिल्लामा रहेको छ । विस्तृत विवरणका लागि अनुसूचीको तालिका २ हेर्नुहोला।




**रेखाचित्र ४:** पुरुषको जनसंख्या

माथि उल्लेख गरिएको रेखाचित्रले बागमती प्रदेशमा पुरुषहरूको सबैभन्दा उच्च जनसंख्या काठमाडौं जिल्लामा रहेको पाइन्छ, जहाँ पुरुषहरूको संख्या १०,३५,७२६ रहेको छ। यसरी नै पुरुषहरूको सबैभन्दा न्यूनतम जनसंख्या रसुवा जिल्लामा रहेको पाइन्छ, जहाँ पुरुषहरूको संख्या २४,०३५ मात्र रहेको छ। विस्तृत विवरणका लागि अनुसूचीको तालिका २ हेर्नुहोला।

## २.३ जनसंख्याको आर्थिक सक्रियता

कुनै पनि देशको जनसंख्याको आर्थिक सक्रियताको अवस्थाले त्यस देशको आर्थिक वृद्धिदरलाई चित्रण गर्दछ। जनसंख्याको आर्थिक सक्रियताको दरलाई श्रम बजार सहभागिता दर पनि भन्ने गरिन्छ। तल उल्लेख गरिएको तालिका र रेखा चित्रले बागमती प्रदेशको जनसंख्यालाई समय अवधिको आधारमा, उमेर समूहको आधारमा, र उद्योगको आधारमा जनसंख्याको आर्थिक सक्रियतालाई विश्लेषण गरेको छ।




**रेखाचित्र ५:** जनसंख्याको आर्थिक सक्रियताको अवस्था

माथि उल्लेख गरिएको रेखाचित्रले बागमती प्रदेशको आर्थिक सक्रियताको अवस्थालाई चित्रण गर्दछ। जनसंख्याको आर्थिक सक्रियताको दरलाइ श्रम बजार सहभागिता दर पनि भन्ने गरिन्छ। बागमती प्रदेशको १० बर्ष वा सो भन्दा माथिका कुल जनसंख्याको ६५.५ प्रतिशत हिस्साले श्रम बजारमा सहभागिता जनाएको पाइन्छ भने ३४.३ प्रतिशत हिस्सा आर्थिक रुपमा निष्क्रिय रहेको वा सो हिस्साले श्रम बजारमा सहभागिता जनाएको देखिदैंन। बाँकी ०.२ प्रतिशत हिस्साको श्रम सहभागिताको अवस्था एकीन भएको पाइदैन।




**रेखाचित्र ६:** समय अवधि अनुसार आर्थिक सक्रियताको अवस्था

माथि उल्लेख गरिएको रेखाचित्रले बागमती प्रदेशको समय अवधि अनुसार आर्थिक सक्रियताको अवस्था चित्रण गर्दछ। जनसंख्याको समुहमा पनि ६ महिना वा सो भन्दा बढि समय सक्रिय हुनेको हिस्सा ज्यादै न्यून रहेको पाइन्छ। समग्रमा ४१ प्रतिशत जनसंख्या मात्र ६ महिना वा सो भन्दा बढि समय आर्थिक रुपमा सक्रिय हुने गरेको देखिन्छ भने उक्त हिस्सा महिला र पुरुषमा तात्त्विक रुपमा फरक देखिन्छ। ५०.७ प्रतिशत पुरुषको हिस्सा बार्षिक रुपमा ६ महिना भन्दा बढि समय सक्रिय रहने गरेको पाइएको भए तापनि महिलाको उक्त अनुपात केवल ३२.० प्रतिशत मात्र रहेको देखिन्छ।




**रेखाचित्र ७:** उमेर समूहको आधारमा प्रदेशको आर्थिक रूपमा सक्रिय

माथि उल्लेख गरिएको रेखाचित्रले उमेर समूहको आधारमा प्रदेशको आर्थिक रूपमा सक्रिय (१० वर्ष र माथिका) जनसंख्या विभाजन गरेको छ। यस रेखाचित्र अनुसार १०-१४ र १५-१९ वर्ष उमेर समूहमा पुरुषहरू महिलाभन्दा धेरै आर्थिक रूपमा सक्रिय भएको पाइन्छ। यसैगरी, २०-४९ वर्ष उमेर समूहमा महिलाहरूको आर्थिक रूपमा सक्रिय संख्या पुरुषहरू भन्दा बढी भएको पाइन्छ। ५०-५९ वर्ष र ६० र माथि उमेर समूहमा पनि महिलाहरूको संख्या पुरुषको तुलनामा उच्च भएको पाइन्छ। विस्तृत विवरणका लागि अनुसूचीको तालिका ३ मा प्रस्तुत गरिएको छ।

**तालिका २:** उद्योग र लिङ्गको आधारमा आर्थिक रूपमा सक्रिय जनसंख्या

| **क्र.स.** | **उद्योगहरू** | **प्रतिशत** |
|---|---|---|
| १ | कृषि, वन र माछा पालन | ४२.२% |
| २ | खानी र उत्खनन | ०.३% |
| ३ | उत्पादन | ५.२% |
| ४ | बिजुली, ग्याँस, बाफ र हावा कन्डिसनिङ आपूर्ति | ०.५% |
| ५ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन र सुधार गतिविधिहरू | ०.३% |
| ६ | निर्माण | ७.६% |
| ७ | थोक र खुद्रा व्यापार सवारी साधन र मोटरसाइकल मर्मत | १५.०% |
| ८ | यातायात र भण्डारण | ३.३% |
| ९ | आवास र खाना सेवा गतिविधिहरू | ३.१% |
| १० | सूचना र सञ्चार | ०.९% |

माथि उल्लेख गरिएको रेखाचित्रले समग्रमा, बागमती प्रदेशको ४२.१८ प्रतिशत जनसंख्या कृषि, वन र माछा पालनमा संलग्न रहेको पाइएको छ भने सबैभन्दा न्यून प्रतिशत बहुराष्ट्रिय संगठनहरूको गतिविधिहरूमा संलग्न रहेको पाइएको छ। विस्तृत विवरणका लागि अनुसूचीको तालिका ४ मा प्रस्तुत गरिएको छ।

## २.४ जनसंख्याको शैक्षिक अवस्था

देश विकासका निम्ति शिक्षा पूर्वाधारको पनि पूर्वाधार मानिन्छ। शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल, योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ। राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ। तल उल्लेख गरिएको तालिका र रेखा चित्रले बागमती प्रदेशको शैक्षिक अवस्थालाई प्रस्तुत गर्दछ, जसमा प्रदेशमा लिङ्गको आधारमा शैक्षिक स्थिति, लैङ्गिक साक्षरता दर, र विद्यालय जाने उमेर समूहका व्यक्तिहरुको अध्ययनरत अवस्थालाई विश्लेषण गरिएको छ।

**तालिका ३:** प्रदेशमा लिङ्गको आधारमा शैक्षिक स्थिति

| शैक्षिक स्तर पूरा गरेका | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रारम्भिक | ८१५३३ | ६८७८६ | १५०३१९ |
| प्राथमिक | ५९४१९३ | ५०२२४५ | १०९६४३८ |
| निम्न माध्यमिक | ४१९९५६ | ३५०४९१ | ७७०४४७ |
| उच्च माध्यमिक | २९८४९७ | २६३२०५ | ५६१७०२ |
| एस.एल.सी./SEE र समानान्तर | २९८०५९ | २४६९१४ | ५४४९७३ |
| इन्टरमिडियट र समानान्तर | ४१५६७५ | ४००४२७ | ८१६१०२ |
| स्नातक र समानान्तर | २१५५०३ | १८७४०३ | ४०२९०६ |
| स्नातकोत्तर समानान्तर र माथि | १२४०९२ | ८४५६९ | २०८६६१ |
| अन्य | २९७२ | ३५५९ | ६५३१ |
| कुनै स्तर नभएको | ३४५४० | ५५४६३ | ९०००३ |
| स्तर उल्लेख नगरिएको | १२४८३ | १३७२८ | २६२११ |

स्रोत: *National Population and Housing Census (NPHC) २०२१, प्राप्त गरिएको* Province/ District/ Local Report | National Population and and Housing Census 2021 Results (cbs.gov.np)

माथि उल्लेख गरिएको तालिकाले प्रदेशमा लिङ्गको आधारमा शैक्षिक स्थिति विश्लेषण गर्दछ, जसमा महिलाको शैक्षिक स्थिति पुरुषको भन्दा न्यून रहेको पाइन्छ। महिला र पुरुषको शैक्षिक स्थितिको संख्या प्राथमिक तहमा सबैभन्दा बढी देखिन्छ।




**रेखाचित्र ८:** बागमती प्रदेशमा लैङ्गिक साक्षरता दर

माथि उल्लेख गरिएको रेखाचित्रले बागमती प्रदेशको साक्षरता दरलाई विश्लेषण गर्दछ, जसमा ८८.३ प्रतिशत पुरुष र ७६ प्रतिशत महिला साक्षर देखिएको छ। बागमती प्रदेशका पाँच वर्ष वा सोभन्दा माथिका कुल २,५५७,५९५ जनसंख्यामध्ये ठूलो हिस्सा १९.४६ प्रतिशतले प्राथमिक तह मात्र उतीर्ण गरेको देखिन्छ। यसै गरी, पूर्व प्राथमिक तह उत्तीर्ण गर्नेको प्रतिशत केवल ०.११ रहेको छ भने, निम्न माध्यमिक तह उत्तीर्ण गर्नेको प्रतिशत १७.०६ र उच्च माध्यामिक तह उत्तीर्ण गर्नेको प्रतिशत १३.३५ रहेको छ। एसएलसी वा सो सरहको शैक्षिक योग्यता पुरा गर्नेको प्रतिशत १२.१३ रहेको पाइन्छ। जनसंख्याको शैक्षिक अवस्थाको पूर्ण विवरण अनुसूचीको तालिका ५ मा देखाइएको छ।




**रेखाचित्र ९:** विद्यालय जाने उमेर समुहका व्यक्तिहरुको अध्ययनरत अवस्था

माथि उल्लेख गरिएको तालिकामा शिक्षा हासिल गर्ने उमेर समुह पाँच वर्ष वा सोभन्दा माथिका जनसंख्याको अध्ययनरत अवस्थालाई देखाइएको छ। बागमती प्रदेशका पाँच वर्ष वा सोभन्दा माथिका कुल २५,५७,५९५ जनसंख्यामध्ये ७६ प्रतिशत हाल (विद्यालय वा महाविद्यालय जाने गरेको) औपचारिक शिक्षाका लागि अध्ययनरत रहेको पाइन्छ भने २०.७ प्रतिशत कम्तीमा एकपल्ट विद्यालय गएर छोडेको समुहमा पर्दछन। कुल जनसंख्याको केवल ३.३ प्रतिशत मात्र कहिल्यै विद्यालय नगएको समुहमा पर्दछन। यस तथ्याङ्कलाई लैङ्गिक रुपमा विश्लेषण गर्दा समेत कुनै तात्त्विक भिन्नता देखिँदैन।

## २.५ श्रम सहभागिता दर र यसको विविधिकरण

श्रम बजार सहभागिता दरको रोजगारी र आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। अधिक श्रम सहभागिता दरले जनसंख्याको रोजगारी र उत्पादकत्वलाई जनाउँछ भने श्रम सहभागिता दर कम हुनु यसको विपरित अवस्थाको सङ्केत हो। नेपाल जीवनस्तर सर्वेक्षण प्रतिवेदन २०२४ ले बागमती प्रदेशमा श्रम सहभागिता दर ४१.२ प्रतिशत रहेको पाइन्छ। उक्त श्रम सहभागिता दरमा लैङ्गिक, स्थानीयता र आम्दानीका आधारका गरिएको वर्गीकरण समेतमा हल्का विविधता देखिन्छ। वेरोजगारी दर लगायत श्रम बजारका सबै सूचकहरुमा महिलाको भन्दा पुरुषको अवस्था केही राम्रो देखिन्छ।




**रेखाचित्र १०:** विभिन्न वर्गका जनसंख्याको श्रम बजार संकेतको अवस्था

माथि उल्लेख गरिएको रेखाचित्रले बागमती प्रदेशको लिङ्ग अनुसार श्रम बजारको विभाजन गरेको, जसमा महिलाहरूको श्रमशक्ति सहभागिता दर (३१.५%) पुरुषहरूको भन्दा निकै कम छ। तर बेरोजगारी दर (१०.४%) पुरुषहरूको भन्दा बढी छ। श्रमशक्ति सहभागिता दर सबैभन्दा बढी स्नातकोत्तर र माथि अध्ययन गरेका व्यक्तिहरूमा ७६.२% रहेको छ, जसले उच्च शैक्षिक स्तरले श्रम बजारमा सक्रियतामा महत्वपूर्ण भूमिका खेल्ने देखाउँछ। यसैगरी सबैभन्दा कम श्रम शक्ति सहभागिता दर निरक्षर व्यक्तिहरूमा २४.५% छ। यसले शिक्षा र रोजगारीका अवसरहरूबीच प्रत्यक्ष सम्बन्धलाई स्पष्ट पार्दछ । अनुसूचीको तालिका ६ मा उक्त तथ्याङ्कलाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ।




**रेखाचित्र ११:** आर्थिक रुपमा सक्रिय पुरुष जनसंख्या




**रेखाचित्र १२:** आर्थिक रुपमा सक्रिय महिला जनसंख्या

माथि उल्लेख गरिएको रेखाचित्र ११ र १२ ले आर्थिक रूपमा सक्रिय जनसंख्यालाई विश्लेषण गर्दछ, जसमा ३०-३४ वर्षको पुरुष उमेर समूह (२१०,८५०) र २५-२९ वर्ष महिला उमेर समूह (१९६८०३) सबैभन्दा धेरै आर्थिक रूपमा सक्रिय भएको देखिन्छ। अनुसूचीको तालिका ७ मा उक्त तथ्याङ्कलाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

## २.६ श्रमशक्तिको पलायन

आम्दानी र जीविकोपार्जनका लागि वैदेशिक रोजगारीमा जाने मानवीय प्रवृत्ति हो जुन स्वभाविक पनि हो। आजको अवस्थामा नेपालीहरुमा यस प्रवृत्ति देशव्यापी फैलँदै र बढ्दै गइरहेको पाइन्छ। बागमती प्रदेशको अवस्था पनि यस विषयमा फरक रहेको पाइदैन। यसरी वैदेशिक रोजगारीमा जानेहरुको रोजाइको गन्तव्यको रुपमा यूएइ, साउदी अरब, मलेशिया, र कतार रहेका छन। नेपालबाट वैदेशिक रोजगारीमा जानेको संख्यामा आएको वृद्धि सँगै विगत केही बर्षदेखि बैदेशिक रोजगारीबाट फर्केका युवा युवतीहरु स्वदेशी श्रमबजारमा आबद्ध भई विभिन्न रोजगारी तथा स्वरोजगारीका पेशाहरुमा संलग्न हुने गरेको पाइएको छ। वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु एक्ला एक्लै मात्र नभै सामुहिक रुपमा समेत यस्ता अभियान तथा पेशाहरु अङ्गालेको पाइएको छ।

**तालिका ४:** गन्तव्य मुलुक अनुसार श्रम पलायनको अवस्था

| क्र.स. | गन्तव्य देश | २०१९।२० | २०२०।२१ | २०२१।२२ |
|---|---|---|---|---|
| १ | यूएई | ९,७७२ | २,४१३ | १२,५०१ |
| २ | साउदी अरब | ५,८६९ | ३,५४८ | १६,११८ |
| ३ | मलेसिया | ४,०७३ | ० | ३,२८२ |
| ४ | कतार | ३,६४२ | १,६३७ | ६,६२१ |
| ५ | कुवेत | १,४३४ | ० | ४,४०० |
| ६ | बहराइन | ५५२ | ४६६ | १,०४७ |
| ७ | जोर्डन | १,०९५ | ४८० | ० |
| ८ | रोमानिया | ६७२ | ५३५ | १,६८७ |
| ९ | क्रोएसिया | ० | २८२ | १,५४८ |
| १० | माल्दिभ्स | ० | ३४८ | ७४६ |
| ११ | अन्य | २,८८० | ९८६ | ४,८०७ |
| १२ | टर्की | ४७१ | ३२६ | ० |
| १३ | साइप्रस | ५४६ | ३९१ | १,२६० |
| १४ | जम्मा | **३१,००६** | **११,४१२** | **५४,०१७** |

स्रोत: *Nepal Labour Migration Status Report २०२२ प्राप्त गरिएको* *Nepal Labour Migration Report २०२२.pdf (ceslam.org)*

माथि तालिकामा उल्लेख गरे बमोजिम वर्ष २०१९/२० मा कुल ३१,००६ जना व्यक्ति वैदेशिक रोजगारीमा गएकोमा २०२०/२१ मा ११,४१२ र २०२१/२२ मा ५४,०१७ रहेको देखिन्छ।

**तालिका ५:** दक्षता स्तर अनुसार श्रम पलायन

| क्र.स. | गन्तव्य देश | २०१९।२० | | २०२०।२१ | | २०२१।२२ | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | पेशेवर | ६२ | ०.२ | २३ | ०.२ | ३८ | ०.०७ |
| २ | उच्च दक्ष | ० | ० | ११ | ०.१ | १६ | ०.०३ |
| ३ | दक्ष | १२०९२ | ३९ | ४९९८ | ४३.८ | २५३८८ | ४७ |
| ४ | अर्ध दक्ष | ३१०१ | १० | ९९३ | ८.७ | ४४८३ | ८.३ |
| ५ | अदक्ष | १५७८२ | ५०.९ | ५३८६ | ४७.२ | २४०९२ | ४४.६ |

स्रोत: *Nepal Labour Migration Status Report २०२२ प्राप्त गरिएको* *Nepal Labour Migration Report_२०२२.pdf (ceslam.org)*

माथि तालिकामा उल्लेख गरे बमोजिम वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको ठूलो हिस्सा ४४.९ प्रतिशत देखि ५०.६ प्रतिशत सम्म अदक्ष श्रमिकको रुपमा विदेश जाने गरेको पाइएको छ।यसरी विदेश जानेहरुमा दक्ष श्रम शक्तिको हिस्सा समेत उल्लेख्य रहेको छ। माथि उल्लेखित तथ्यांक अनुसार आ.व.२०१९।२० देखि २०२१।२२ सम्म् ३९ प्रतिशत देखि ४७ प्रतिशत सम्म दक्ष कामदारहरु वैदेशिक रोजगारीमा जाने गरेको तथ्याङ्कमा देखिन्छ।

**तालिका ६:** लिङ्ग र गन्तव्य मुलुक अनुसार नेपाल फर्किएका आप्रवासी कामदारको विवरण

| क्र.सं. | गन्तव्य देश | २०२१।२२ मा फिर्ता आएका श्रमिकहरू | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | कतार | १५,९४७ | १,९५६ | १७,९०३ |
| २ | यूएइ | २४,३०१ | ८,३८१ | ३२,६८२ |
| ३ | साउदी अरब | १८,०६२ | ५७९ | १८,६४१ |
| ४ | मलेसिया | १०,४३४ | ९६८ | ११,४०२ |
| ५ | कुवेत | ३,०८९ | १,२६८ | ४,३५७ |
| ६ | ओमान | ९६५ | २८२ | १,२४७ |
| ७ | बहराइन | १,४०९ | ३२८ | १,७३७ |
| ८ | जापान | १,२०३ | ९२ | १,२९५ |
| ९ | अन्य | ५,२७० | २,३४९ | ७,६१९ |
| | जम्मा | ८०,६८० | १६,२०३ | ९६,८८३ |

स्रोत: *Nepal Labour Migration Status Report २०२२ प्राप्त गरिएको* *Nepal Labour Migration Report_२०२२.pdf (ceslam.org)*

माथि तालिकामा उल्लेख गरे बमोजिम आर्थिक बर्ष २०२१/२२ मा  कुल ९६,८८३ व्यक्तिहरु बैदेशिक रोजगारीबाट फर्किएको तथ्याङ्कले देखाउँछ। आर्थिक वर्ष २०२१/२२ मा विदेशबाट फर्केका आप्रबासी कामदारहरुको संख्या, उनीहरुले काम गरेको देश र लैङ्गिक आधारमा अनुसूचीको तालिका ८ मा प्रस्तुत गरिएको छ।

# परिच्छेद तीन
# औपचारिक TVET प्रदायकहरूको विवरण

## ३.१ परिचय

नेपालमा सञ्चालन भएका प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमलाई मुख्यतः यसको प्रशिक्षण अवधि, प्रशिक्षणको प्रकृति र प्रमाणपत्रको मान्यताको आधारमा दुई भागमा वर्गीकरण गर्न सकिन्छ। यस वस्तुगत विवरणमा उक्त कार्यक्रमहरुलाई औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र अनौपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम शीर्षकमा राखिएको छ। औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम अन्तर्गत एसईई पश्चातका १८ महिने प्रि-डिप्लोमा तह, ३ बर्षे डिप्लोमा तह र ९-१२ अन्तर्गत सामुदायिक विद्यालयमा सञ्चालन गरिने प्राविधिक धारका कार्यक्रमलाई समावेश गरिएको छ भने अनौपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम कार्यक्रम अन्तर्गत १४० घण्टा देखि १६९६ घण्टा सम्मका छोटो अवधिका व्यावसायिक तालिम कार्यक्रमहरूलाई समेटिएको छ।

बागमती प्रदेशमा सञ्चालन भएका यी दुवै प्रकारका कार्यक्रमहरुको विस्तृत विवरण तपसिलका उपशीर्षकहरुमा विस्तृत रूपमा व्याख्या गरिएको छ। जसमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) क्षेत्रको संस्थागत संरचना, कार्यक्रमहरू, र विद्यार्थी भर्नाको अवस्थाको चित्रण तथा विश्लेषण गर्ने प्रयास गरिएको छ। यसमा संस्थागत प्रकार (जस्तै, आंगिक, साझेदारी, TECS, निजी, र CEHRD) अनुसार TVET संस्थाहरूको संख्या प्रस्तुत गरिएको छ। पालिका स्तरमा प्रि-डिप्लोमा, डिप्लोमा, र प्राविधिक तहका कार्यक्रमहरूको संख्या र भर्ना क्षमताको विवरण समेटिएको छ। आर्थिक वर्ष अनुसार विद्यार्थीहरूको भर्ना दरलाई संस्थाको प्रकार, विषयगत क्षेत्र (जस्तै, स्वास्थ्य, इन्जिनियरिङ, कृषि), र तह अनुसार वर्गीकरण गरी प्रस्तुत गरिएको छ।

## ३.२ औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिममा पहुँचको अवस्था

औपचारिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम सञ्चालनका नियामक निकायहरुमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) र शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) रहेका छन्। यी दुवै संरचनाहरु नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत सञ्चालित छन्। यसका साथै बागमती प्रदेश अन्तर्गत सञ्चालित संस्था तथा कार्यक्रमहरुको विकास, विस्तार तथा गुणस्तर अभिवृद्धिका लागि बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्ले आवश्यकता अनुसार कार्यक्रम गर्दै आइरहेको छ।




**रेखाचित्र १३:** बागमती प्रदेशमा सञ्चालित प्राविधिक शिक्षालयको संख्या तथा प्रकार

श्रोतः *CTEVT र CEHRD को प्रशासनिक तथ्याङ्कहरुको विश्लेषण*

माथिको रेखाचित्र अनुसार बागमती प्रदेशमा ३५४ प्राविधिक शिक्षालयहरु सञ्चालित रहेको छ। सो प्राविधिक शिक्षालयहरुमा रेखाचित्र १४ अनुसार सबै तह र कार्यक्रमहरुमा गरेर २४,७६३ व्यक्तिहरुले आ-आफ्नो रोजाइ अनुसारका प्राविधिक शिक्षाका कार्यक्रम हासिल गर्न सक्दछन्। यी शिक्षालयहरुका कार्यक्रमलाई तीन तहमा विभाजन गर्न सकिन्छ, जसमा प्रि-डिप्लोमा तह, डिप्लोमा तह तथा प्राविधिक धारका कार्यक्रमहरु पर्दछन्।




**रेखाचित्र १४:** बागमती प्रदेशमा सञ्चालित प्राविधिक शिक्षालयमा तहगत भर्ना क्षमता

यी कार्यक्रमहरुको भर्ना क्षमता अलग-अलग रुपमा रेखाचित्र १५ मा देखाइएको छ। बागमती प्रदेशमा कुल ३५४ वटा लामो अवधिका प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदायक संस्थाहरु सञ्चालनमा रहेका छन्। जुन नेपालमा सञ्चालन भएको कुल संख्या १७०६ को २१.४ प्रतिशत हुन आउँदछ।




**रेखाचित्र १५:** प्राविधिक शिक्षालयको शिक्षालयको प्रकृति अनुसारको भर्ना क्षमता

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले मुख्यतः चार प्रकारका संस्थाहरुको सञ्चालन अनुमति दिने लगायत व्यवस्थापन तथा नियमनको कार्यहरु समेत गर्दछ। यी संस्थाहरुमा परिषद्को व्यवस्थापनमा सञ्चालित आङ्गिक प्राविधिक शिक्षालय तथा बहुप्राविधिक शिक्षालय, विभिन्न गैरसरकारी तथा सामुदायिक निकायहरुसँगको सहकार्यमा सञ्चालित साझेदारी शिक्षालयहरु, सामुदायिक माध्यामिक विद्यालयको व्यवस्थापन अन्तर्गतका विद्यालयमा सञ्चालित प्राविधिक शिक्षा कार्यक्रम र परिषद्द्वारा सम्बन्धन प्राप्त गरी नीजि व्यवस्थापनमा सञ्चालित सम्बन्धन प्राप्त शिक्षालयहरु रहेका छन्।

## ३.३ पालिकाहरुमा शिक्षालयहरुको संस्थागत पहुँच

कुल १३ जिल्ला र ११९ स्थानीय तह रहेको बागमती प्रदेशको ११३ वटा पालिकाहरुमा कुनै न कुनै प्रारुपमा प्राविधिक शिक्षालयहरु सञ्चालित रहेका छन् भने बाँकी ६ वटा स्थानीय तहमा प्राविधिक शिक्षालय खुलेका वा सञ्चालनमा रहेका पाइदैन।




**रेखाचित्र १६:** पालिकागत संस्थागत पहुँचको अवस्था

सबैभन्दा धेरै पालिकाहरुमा प्राविधिक शिक्षालयको संस्थागत पहुँच नपुगेका जिल्ला नुवाकोट हो जसका १२ मध्ये २ पालिकाहरुमा संस्थागत पहुँच पुगेको छैन। यस्तै रसुवा, काभ्रेपलान्चोक, रामेछाप र चितवन जिल्लाका १/१ पालिकामा प्राविधिक शिक्षालयको संस्थागत पहुँच पुगेको देखिँदैन भने अन्य जिल्लाका सबै पालिकाहरुमा कुनै न कुनै प्रारुपमा प्राविधिक शिक्षालयहरु खुलेका पाइन्छन्। विस्तृत जानकारीको लागि अनुसूचीको तालिका ९ हेर्नुहोला।

### ३.४ शिक्षालयहरुमा विद्यार्थी भर्नाको अवस्था

समग्रमा २४,७६३ प्रशिक्षार्थीहरुलाई वार्षिक रुपमा भर्ना गरी कार्यक्रम सञ्चालन गर्ने क्षमता बागमती प्रदेश अन्तर्गत रहेको भए तापनि सो क्षमता पूर्ण रुपमा उपयोगमा आएको पाइदैन।




**रेखाचित्र १७:** CTEVT का प्राविधिक कार्यक्रममा तहगत भर्नादर

रेखाचित्र १७ अनुसार आ.व.२०७६/७७ देखि २०८०/८१ सम्म CTEVT अन्तर्गत सञ्चालित सबै, डिप्लोमा र प्रि-डिप्लोमा कार्यक्रमहरूमा भर्ना हुने विद्यार्थी संख्याको प्रवृत्ति देखाउँछ। सुरुमा डिप्लोमा कार्यक्रममा केही वृद्धि देखिए पनि २०७८/७९ देखि घट्ने क्रम देखिन्छ। प्रि-डिप्लोमा कार्यक्रममा भने सुरुबाटै लगातार गिरावट आएको छ, यद्यपि अन्तिम वर्षमा थोरै सुधार देखिन्छ। प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिममा देखिएको न्यून भर्नादर परिषद् अन्तर्गत सञ्चालित प्रि-डिप्लोमा तथा डिप्लोमा तहका कार्यक्रममा मात्र नभै शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालित प्राविधिक धारका कार्यक्रममा पनि समस्याका रुपमा देखिन्छ।




**रेखाचित्र १८:** प्राविधिक धारका कार्यक्रममा भर्ना अवस्था

प्राविधिक धार अन्तर्गत सञ्चालित कार्यक्रमको पहिलो वर्ष अर्थात् कक्षा ९ मा भर्नादर सन्तोषजनक (५९%) नै भएपनि कक्षा १२ मा पुग्दा भर्नादर ज्यादै न्यून (३१%) रहेको पाइन्छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १० मा देखाइएको छ।

**तालिका ७:** शैक्षिक संस्थाको प्रकार र आर्थिक वर्षअनुसार प्रशिक्षार्थी भर्नादर

| क्र.स. | संस्थाको किसिम | शैक्षिक बर्ष | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | |
| | | कार्यक्रम संख्या | औसत भर्नादर | कार्यक्रम संख्या | औसत भर्नादर | कार्यक्रम संख्या | औसत भर्नादर | कार्यक्रम संख्या | औसत भर्नादर | कार्यक्रम संख्या | औसत भर्नादर |
| १ | आङ्गिक | १७९ | ८४.८ | २२० | ८५.८ | २४३ | ८३.६ | २२७ | ७२.९ | २४४ | ७०.६ |
| २ | साझेदारी | ४५ | ७१.६ | ८९ | ७६.५ | ९१ | ७३.२ | १२१ | ६४.१ | १४५ | ६८.२ |
| ३ | टेक्स | ६५६ | ५६.७ | ६८८ | ५८.३ | ६३३ | ५५.४ | ५८६ | ५२.५ | ५३० | ५२.० |
| ४ | नीजि | ८३७ | ७८.१ | ६०२ | ७३.१ | ४८९ | ७२.२ | ५२७ | ६७.७ | ५५६ | ६७.१ |
| | | १७१७ | ७०.५ | १५९९ | ६८.७ | १४५६ | ६६.९ | १४६१ | ६२.१ | १४७५ | ६२.३ |

स्रोतः CTEVT को प्रशासनिक तथ्यांक वा ITMS CTEVT बाट प्राप्त तथ्यांकको आधारमा विश्लेषण गरिएको

उपरोक्त बमोजिमका तालिकाहरुमा समयक्रमसँगै प्रशिक्षार्थी भर्ना दर पनि घट्दै गएको देखिन्छ। विश्लेषण अवधिको पहिलो आर्थिक वर्ष २०७६/७७ मा भर्ना दर सबैभन्दा उच्च देखिएको छ भने अन्तिम आर्थिक वर्ष २०८०/८१ मा भर्नादर सबैभन्दा न्यून देखिएको छ। यहि प्रशिक्षार्थी भर्नाको उल्लेखित प्रवृत्ति शिक्षालयको प्रकृति र सञ्चालित ट्रेडमा समेत सोही रुपमा देखिएको छ। प्रशिक्षार्थी भर्ना दर विश्लेषण गर्दा आङ्गिक कार्यक्रममा विश्लेषण अवधिको पहिलो वर्ष सबैभन्दा बढि ८४.८ प्रतिशत र अन्तिम वर्षमा सबैभन्दा कम ७०.६ प्रतिशत रहेको पाइन्छ। यसैगरी सम्बन्धन प्राप्त नीजि प्राविधिक शिक्षालयमा सोही अवधिको पहिलो वर्ष ७८.१ प्रतिशत र अन्तिम बर्ष ६७.१ प्रतिशत सम्म रहेको पाइन्छ।

**तालिका ८:** व्यवसाय (ट्रेड) र आर्थिक वर्ष अनुसारको भर्ना दर

| क्र.सं. | व्यवसाय (ट्रेड) | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० | २०८०।८१ |
| १ | स्वास्थ्य | ८९.६ | ९४.० | ९६.१ | ८८.१ | ८४.१ |
| २ | इन्जिनियरिङ | ६५.३ | ६५.३ | ६३.४ | ५५.० | ५१.६ |
| ३ | कृषि | ५७.३ | ५८.० | ५६.० | ५१.७ | ५१.९ |
| ४ | आतिथ्य | ६७.२ | ६०.६ | ६२.३ | ७२.५ | ७७.९ |
| ५ | अन्य | ४१.७ | ४७.१ | ६३.९ | ६५.९ | ७८.७ |
| | जम्मा | ७०.५ | ६८.७ | ६६.९ | ६२.१ | ६२.३ |

*स्रोतः CTEVT को प्रशासनिक तथ्यांक वा ITMS CTEVT बाट प्राप्त तथ्यांकको आधारमा विश्लेषण गर्न सकिन्छ*

यदि हामीले भर्नादरलाई कार्यक्रमको ट्रेड अनुसार मुल्याङ्कन गर्यौं भने स्वास्थ्य सम्बन्धित ट्रेडमा भर्नादर सबैभन्दा बढि र इन्जिनियरिङ्क र कृषि कार्यक्रममा तुलनात्मक रुपमा कम रहेको पाइन्छ। यस सम्बन्धि विस्तृत विवरण अनुसूचीको तालिका ११ मा देखाइएको छ।

### ३.५ प्राविधिक शिक्षालयहरुको वर्तमान अवस्था

प्रविधिक शिक्षालयहरुको वर्तमान अवस्थाको विश्लेषण तथा अद्यावधिक गर्न बागमती प्रदेशका कुल ३५४ प्राविधिक शिक्षालय/विद्यालयहरु मध्ये नमुना छनौटमा परेका १७६ प्राविधिक विद्यालय तथा शिक्षालयहरुलाई सर्वेक्षण गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो। यसरी सर्वेक्षण गरिएको शिक्षालयहरु कतिपय बन्द भएका र सर्वेक्षणको समयमा पूर्ण रुपमा बन्द भएका वा आंशिक रुपमा मात्र सञ्चालनमा रहेका कारण केही शिक्षालयबाट आंशिक रुपमा मात्र तथ्याङ्क सङ्कलन भएको थियो। यसर्थ कुल १७६ मध्ये १७१ शिक्षालयहरुको तथ्याङ्क यहाँ संलग्न गरी विश्लेषण गरिएको छ।

- **सर्वेक्षणमा संलग्न भएका शिक्षालयहरुको प्रोफाइल**

सर्वेक्षणमा सहभागी मध्ये सबैभन्दा ठूलो हिस्सा ३६.३ प्रतिशत प्राविधिक धारका कार्यक्रम सञ्चालन गर्ने शिक्षालयहरु रहेका छन् भने त्यसकै हाराहारीमा ३३.९ सम्बन्धन प्राप्त नीजि शिक्षालयको अंश समेत रहेको छ।

**तालिका ९:** सर्वेक्षणमा समावेश शिक्षालयको विवरण

| क्र.स. | शिक्षालयको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निजी सम्बन्धन प्राप्त शिक्षालय | ५८ | ३३.९ |
| २ | आङ्गिक शिक्षालय | १८ | १०.५ |
| ३ | साझेदारी शिक्षालय | ५ | २.९ |
| ४ | प्राविधिक धार कार्यक्रम | ६२ | ३६.३ |
| ५ | टेक्स (कार्यक्रम) शिक्षालय | २८ | १६.४ |
| | सर्वेक्षणमा सहभागी शिक्षालय | १७१ | १०० |

**प्राविधिक शिक्षालय सर्वेक्षण, २०८१**

- **सर्वेक्षणमा संलग्न भएका शिक्षालयहरुको जिल्लागत वितरण**

बागमती प्रदेशका १३ जिल्ला मध्ये तपसिलका ८ जिल्लाबाट तथ्याङ्क सङ्कलन गरिएको थियो भने बाँकी ४ जिल्लाबाट विविध कारण तथ्याङ्क सङ्कलन गर्न सकिएको थिएन। तथ्याङ्क संकलन गरिएका ८ जिल्ला मध्ये सबैभन्दा बढि काठमाण्डौबाट ५३ र सबैभन्दा कम काभ्रेपलान्चोक जिल्लाबाट एउटा (१) शिक्षालयबाट मात्र तथ्याङ्क संकलन गरिएको थियो। विस्तृत जानकारीको लागि तालिका **१०** हेर्नुहोला।

**तालिका १०:** सर्वेक्षणमा सहभागी जिल्लाहरु

| क्र.स. | जिल्ला | शिक्षालय संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काठमाडौं | ५३ | ३१.० |
| २ | चितवन | ३४ | १९.९ |
| ३ | ललितपुर | २४ | १४.० |
| ४ | मकवानपुर | २१ | १२.३ |
| ५ | नुवाकोट | १५ | ८.८ |
| ६ | भक्तपुर | ११ | ६.४ |
| ७ | रसुवा | ३ | १.८ |
| ८ | काभ्रेपलाञ्चोक | १ | ०.६ |
| | बागमती प्रदेश | १७१ | १००.० |

**प्राविधिक शिक्षालय सर्वेक्षण, २०८१**

सर्वेक्षणमा मुख्य रुपमा शिक्षालयको तीनवटा पक्षलाई लक्षित गर्दै तथ्याङ्क सङ्कलन गरिएको थियो। यी तीन पक्षहरुमा शिक्षालयको भौतिक तथा शैक्षिक पुर्वाधारको अवस्था, प्रशिक्षकहहरुको योग्यता तथा अनुभव र शिक्षालयको उद्योगसँगको सम्बन्ध रहेका छन। यी पक्षहरुलाई तपसिलका उपशीर्षकहरुमा विश्लेषणात्मक चित्रण गरिएको छ।

- **शिक्षालयमा भौतिक पूर्वाधारको अवस्था**

गुणस्तरीय प्राविधिक शिक्षाको सन्दर्भमा विशेषगरी शिक्षालयको भौतिक पूर्वाधारहरुको उपलव्धताले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। पुस्तकालय प्रयोगशाला र कार्यशालाको महत्वपूर्ण भूमिका यसमा रहन्छ। सर्वेक्षणका समयमा स्वः मुल्याङ्कनको आधारमा शिक्षालयको भौतिक पूर्वाधारहरुको विश्लेषण गर्ने प्रयास गरिएको थियो। समग्रमा शिक्षालयको भौतिक पूर्वाधार न्यूनतम् मापदण्ड अनुरुप वा सो भन्दा बढि नै पाइएको थियो भने केही शिक्षालयको अवस्था न्यूनतम् मापदण्ड अनुरुप पनि पाइएन। यस सम्बन्धमा तपसिलको तालिकामा पूर्ण विवरण देखाइएको छ।सामान्यतया प्रि डिप्लोमा तथा डिप्लोमा कार्यक्रममा भन्दा प्राविधिक धारका कार्यक्रम सञ्चालन गर्ने संस्थामा कार्यक्रमको पूर्वाधारमा केही कमी रहेको पाइएको छ। समग्र विवरणका लागि अनुसूचीको तालिका १२ हेर्नुहोला।

- **शिक्षालयमा कार्यरत प्रशिक्षकहरुको अवस्था**

सर्वेक्षणका अनुसार प्रति शिक्षालय औसत १७ जना प्रशिक्षक तथा कर्मचारीहरु कार्यरत रहेको देखिएको छ। प्रशिक्षकतर्फ कुल ८ पुरुष र ४ महिला गरी १२ जना र अन्य कर्मचारी तर्फ ५.५ पुरुष र ३.४ महिला गरी ८.९ जना कर्मचारीहरु प्रति शिक्षालय औसत रुपमा कार्यरत रहेको पाइएको छ।शिक्षालयमा सञ्चालित कार्यक्रमहरुको संख्याको आधारमा प्रशिक्षक तथा कर्मचारीको संख्या स्वभावतः बढि फरक फरक देखिएको छ। एक मात्र कार्यक्रम सञ्चालित शिक्षालयमा प्रति शिक्षालय १४ जना प्रशिक्षक तथा कर्मचारी कार्यरत रहेको

पाइएको छ भने ६ वा सो भन्दा बढि कार्यक्रम सञ्चालित शिक्षालयमा ५५ जना सम्म प्रशिक्षक तथा कर्मचारी भेटिएका थिए।

**तालिका ११:** सञ्चालित कार्यक्रमको आधारमा प्रशिक्षक तथा कर्मचारीको औसत संख्या

| कार्यक्रम संख्या | प्रशिक्षक (पुरुष) | प्रशिक्षक (महिला) | अन्य कर्मचारी (पुरुष) | अन्य कर्मचारी (महिला) | कुल प्रशिक्षक तथा कर्मचारी |
|---|---|---|---|---|---|
| १ मात्र कार्यक्रम सञ्चालित शिक्षालय | ६.२ | २.५ | ५.८ | ३.२ | १३.९ |
| २ वटा कार्यक्रमहरु सञ्चालित शिक्षालय | ८.१ | ४.२ | ४.१ | ३.२ | १६.२ |
| ३ वटा कार्यक्रमहरु सञ्चालित शिक्षालय | ११.८ | ८.८ | ४.५ | ५.४ | २७.४ |
| ४ वटा कार्यक्रमहरु सञ्चालित शिक्षालय | १५.२ | ५.४ | ५.८ | ३.४ | २८.० |
| ५ वटा कार्यक्रमहरु सञ्चालित शिक्षालय | १६.४ | १५.२ | ८.६ | ७.८ | ३५.० |
| ६ वा सो भन्दा बढि कार्यक्रमहरु सञ्चालित शिक्षालय | ३८.० | १७.० | ११.० | ७.० | ५५.० |
| कुल | ८.० | ४.० | ५.५ | ३.६ | १७.०८२२ |

**प्राविधिक शिक्षालय सर्वेक्षण, २०८१**

**तालिका १२:** प्रशिक्षक तथा अन्य कर्मचारीको संख्या

| कार्यक्रम संख्या | कुल शिक्षालय संख्या | पुरुष प्रशिक्षक | महिला प्रशिक्षक | पुरुष कर्मचारी प्रशिक्षक बाहेकका कर्मचारी | पुरुष कर्मचारी प्रशिक्षक बाहेकका कर्मचारी | कुल कर्मचारी |
|---|---|---|---|---|---|---|
| एक मात्र कार्यक्रम | २२५ | १३८८ | ५५९ | १३०९ | ७१३ | ३११७ |
| दुईवटा कार्यक्रम | ६९ | ५५६ | २९१ | २८४ | २२० | १११९ |
| तीनवटा कार्यक्रम | २३ | २७१ | २०२ | १०४ | १२६ | ६३० |
| चारवटा कार्यक्रम | १२ | १८२ | ६५ | ७० | ४१ | ३३६ |
| पाँचवटा कार्यक्रम | १४ | २३० | २१३ | १२० | १०९ | ४९० |
| छ वा सो भन्दा बढि कार्यक्रम | ११ | ४१८ | १८७ | १२१ | ७७ | ६०५ |
| कुल संख्या | ३५४ | ३०४४ | १५१६ | २००९ | १२८५ | ६२९७ |

**प्राविधिक शिक्षालय सर्वेक्षण, २०८१**

सर्वेक्षणबाट प्राप्त प्रति शिक्षालय प्रशिक्षकहरुको संख्याको आधारमा बागमती प्रदेशमा रहेका कुल ३५४ विभिन्न शिक्षालयहरुमा कार्यरत कर्मचारी तथा प्रशिक्षकहरुको अनुमान गरी तालिका २ मा देखाइएको छ। बागमती प्रदेशका कुल ३५४ प्रावधिक शिक्षालय तथा विद्यालयमा कुल ६२९७ प्रशिक्षक तथा कर्मचारीहरु कार्यरत रहेको अनुमान गर्न सकिन्छ। यी जनशक्तिहरूमा ४५६० प्रशिक्षक र ३२९४ प्रशिक्षण बाहेक प्रशासनिक तथा अन्य क्रियाकलापमा संलग्न कर्मचारीहरु कार्यरत रहेको अनुमान गर्न सकिन्छ।

**तालिका १३:** शिक्षालयको प्रकार अनुसार प्रशिक्षकहरुको वितरण

| क्र.स. | संस्थाको प्रकार | नम्बर | प्रतिशत |
|---|---|---|---|
| १ | निजी सम्बन्धन प्राप्त शिक्षालय | २९४१ | ४६.७ |
| २ | आङ्गिक शिक्षालय | ५९५ | ९.५ |
| ३ | साझेदारी शिक्षालय | ३१९ | ५.१ |
| ४ | प्राविधिक धार कार्यक्रम | १८२० | २८.९ |
| ५ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम | ६२१ | ९.९ |
| | **कुल** | **६२९७** | **१००.०** |

**प्राविधिक शिक्षालय सर्वेक्षण, २०८१**

उपरोक्त बमोजिमका प्रशिक्षक तथा कर्मचारीहरुमा सबैभन्दा बढि २९४१ नीजि सम्बन्धन प्राप्त शिक्षालयमा कार्यरत रहेको पाइन्छ भने प्राविधिक धार तर्फका शिक्षालयहरुमा १८२०, सामुदायिक विद्यालयमा प्राविधिक

शिक्षा कार्यक्रम अन्तर्गत ६२१, साझेदारी शिक्षालयमा ३१९, र आङ्गिक शिक्षालयमा कुल ५९५ प्रशिक्षक तथा कर्मचारीहरु कार्यरत रहेको पाइएको छ।

**तालिका १४:** प्रशिक्षकको संलग्नताको किसिम अनुसार रोजगारीको अवस्था

| क्र.स. | सेवाको प्रकार | नम्बर | प्रतिशत |
|---|---|---|---|
| १ | आंशिक कार्य समय | १३१४ | २८.८ |
| २ | स्थायी सेवामा | १४५५ | ३१.९ |
| ३ | सेवा करार | ४१९ | ९.२ |
| ४ | अस्थायी सेवा | १३७२ | ३०.१ |
| | कुल | ४५६० | १००.० |

**प्राविधिक शिक्षालय सर्वेक्षण, २०८१**

यसरी संलग्न कुल प्रशिक्षकहरु मध्ये सबैभन्दा बढि ३१.९ प्रतिशत अर्थात १३१४ स्थायी रुपमा कार्यरत रहेको देखाउँदछ।यसैगरी ३०.१ प्रतिशत अर्थात १३७२ अस्थायी सेवा अन्तर्गत कार्यरत, २८.८ प्रतिशत अर्थात १३१४ जना आँशिक समयका लागि कार्यरत र ९.२ प्रतिशत सेवा काारको रुपमा कार्यरत रहेको देखाउँदछ।

**तालिका १५:** सम्बद्ध कार्यक्रमको संख्या अनुसार प्रशिक्षकको संख्या

| क्र.स. | सम्बन्धित कार्यक्रम | सर्वेक्षण गरिएको शिक्षालयमा | प्रतिशत | सम्पूर्ण शिक्षालयमा |
|---|---|---|---|---|
| १ | एक कार्यक्रम | ५४१ | ७४.१ | ३३७९ |
| २ | दुईवटा कार्यक्रमसँग सम्बन्धित | १३३ | १८.२ | ८३० |
| ३ | तीनवटा कार्यक्रमसँग सम्बन्धित | ३४ | ४.७ | २१४ |
| ४ | चारवटा कार्यक्रमसँग सम्बन्धित | १६ | २.२ | १०० |
| ५ | पाँचवटा कार्यक्रमसँग सम्बन्धित | ३ | ०.४ | १८ |
| ६ | छ वा सो भन्दा बढि कार्यक्रमसँग सम्बन्धित | ३ | ०.३ | ५ |
| | **कुल संख्या** | **७३०** | **१००** | ४५६० |

**प्राविधिक शिक्षालय सर्वेक्षण, २०८१**

शिक्षालयमा कार्यरत प्रशिक्षकहरु एक वा सो भन्दा बढि कार्यक्रममा संलग्न भई कार्यक्रम सञ्चालन गर्ने गरेको पाइएको छ।तर बहुसंख्यक ३३७९(७४.१%) प्रशिक्षकहरु एउटा मात्र कार्यक्रममा प्रशिक्षण गर्ने गरेको पाइएको छ। यसै गरी ८३० प्रशिक्षकहरु दुईवटा कार्यक्रममा प्रशिक्षण गर्ने गरेको पाइन्छ भने १५ जना प्रशिक्षकहरु ६ वा सो भन्दा बढि कार्यक्रमसँग आवद्ध भई प्रशिक्षणमा संलग्न हुने गरेको पाइएको छ।

**तालिका १६:** प्रशिक्षकहरुको शैक्षिक योग्यता

| क्र.स. | शैक्षिक योग्यता | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | प्रि डिप्लोमा वा सो सरह | २.७ | १२३ |
| २ | डिप्लोमा वा सो सरह | १२.२ | ५५६ |
| ३ | स्नातक तह वा सो सरह | ४८.१ | २१९३ |
| ४ | स्नातकोत्तर वा सो भन्दा बढि | ३७.० | १६८७ |
| | **कुल** | **१००** | ४५५९ |

**प्राविधिक शिक्षालय सर्वेक्षण, २०८१**

प्रशिक्षकहरुलाई शैक्षिक योग्यताको आधारमा वर्गीकरण गर्दा सबैभन्दा बढि २१९३ अर्थात ४८.१ बढि स्नातक वा सो सरह उत्तीर्णहरुमा पर्दछन्। यसैगरी स्नातकोत्तर वा सो भन्दा माथिल्लो शैक्षिक योग्यता भएका प्रशिक्षकहरुको संख्या १६८७ जना रहेको पाइन्छ। सबैभन्दा कम प्रि डिप्लोमा वा सो सरह उत्तीर्ण प्रशिक्षकको संख्या समेत रहेको छ।

## ३.६ प्रशिक्षकहरुको उद्योग क्षेत्रको कार्य अनुभव

प्राविधिक विषयमा प्रशिक्षणका लागि विश्वविद्यालयमा अध्ययन र अध्यापनको अनुभव मात्र पर्याप्त हुदैन यसका लागि सम्बन्धित उद्योग वा कार्यक्षेत्रको अनुभव पनि आवश्यक हुन्छ। सर्वेक्षणका क्रममा प्रशिक्षकहरुको कार्यक्षेत्रमा हासिल गरेको अनुभवको तथ्याङ्क सङ्कलन समेत समावेश गरिएको थियो। यस सन्दर्भमा विश्लेषण गरिएको तथ्याङ्कबाट प्रशिक्षकहरुले पर्याप्त अनुभव हासिल गरेको पाइएको छ।

**तालिका १७:** औद्योगिक अनुभव अनुसार प्रशिक्षकको किसिम

| क्र.स. | अनुभव अवधि | सर्वेक्षण गरेको शिक्षालय | प्रतिशत | सम्पूर्ण शिक्षालय |
|---|---|---|---|---|
| १ | अनुभव नभएको | ६७ | ९.२ | ४१९.५२ |
| २ | १ वर्ष सम्म | ६५ | ८.९ | ४०५.८४ |
| ३ | १ देखि २ बर्ष | ११३ | १५.५ | ७०६.८ |
| ४ | २ देखि ५ वर्ष | २२५ | ३०.८ | १४०४.४८ |
| ४ | ५ वर्ष वा सो भन्दा बढि | २६० | ३५.६ | १६२३.३६ |
| | सवै प्रशिक्षक | ७३० | १००.० | ४५६० |

**प्राविधिक शिक्षालय सर्वेक्षण, २०८१**

३५.६ प्रतिशत प्रशिक्षकहरुसँग ५ वर्ष वा सो भन्दा बढि उद्योग क्षेत्रमा काम गरेको अनुभव रहेको देखिन्छ भने २ देखि ५ वर्षको औद्योगिक अनुभव हासिल गर्नेको संख्या पनि उल्लेख्य (३०.८ प्रतिशत) रहेको छ। तर ९.२ प्रतिशत प्रशिक्षकहरुसँग भने उद्योग क्षेत्रमा कार्य गरेको कुनै अनुभव रहेको पाइदैन।

**तालिका १८:** सम्बन्धित कार्यक्रम

| **क्र.स.** | **सम्बन्धित तह** | **प्रशिक्षक संख्या** | | | **कुल प्रशिक्षकको हिस्सा** |
|---|---|---|---|---|---|
| | | **सर्वेक्षण गरिएको शिक्षालय** | **कुल शिक्षालय** | **प्रतिशत** | |
| १ | प्रि डिप्लोमा | ५५ | ३४२ | ७.२ | ७.५ |
| २ | डिप्लोमा तह | ५२० | ३२४७ | ६७.९ | ७१.२ |
| ३ | प्राविधिक धार | १६८ | १०४९ | २१.९ | २३.० |
| ४ | साधारण धार | २३ | १४६ | ३.० | ३.२ |
| कुल संख्या | | **७६६** | **४७८४** | **१००** | **१०४.९** |

*यस तालिकामा एक जना प्रशिक्षक दुई वा दुई भन्दा बढि कार्यक्रममा पर्ने भएकाले यहाँ संख्या धेरै देखिन्छ।*

सर्वेक्षणबाट शिक्षालयका प्रशिक्षकहरुले एक वा सो भन्दा फरक फरक तहका प्राविधिक कार्यक्रममा समेत सहभागिता हुने गरेको देखिएको छ। एक जना प्रशिक्षकले नै प्रि डिप्लोमा र डिप्लोमा गरी दुवै कार्यक्रममा प्रशिक्षण गर्ने गरेको पाइएको छ भने प्राविधिक धारमा प्रशिक्षण गर्ने प्रशिक्षकहरुले साधारण धारमा समेत प्रशिक्षण गर्ने गरेको पाइएको छ। यसरी डिप्लोमा तहमा संलग्न प्रशिक्षकहरुको संख्या सबैभन्दा धेरै देखिन्छ भने प्राविधिक धार अन्तर्गतका विषयहरुमा प्रशिक्षण गर्ने संख्या समेत उल्लेख्य देखिन्छ।

### ३.७ शिक्षालय-उद्योग सम्बन्ध

प्राविधिक शिक्षाको गुणस्तर कायम गर्न शिक्षालय र उद्योग बीच समन्वय र सहकार्यको महत्वपूर्ण भूमिका रहन्छ। सर्वेक्षणका क्रममा शिक्षालयलाई विभिन्न पक्षमा उद्योगसँगको सहकार्यको अवस्थाको बारेमा प्रश्न राखिएको थियो। शिक्षालयहरुले उद्योगसँग सबैभन्दा बढि समन्वय र सहकार्य गरिएको क्षेत्रको रुपमा प्रशिक्षार्थीहरुलाई प्रयोगात्मक अभ्यासको अवसर प्रदान गर्ने विषय रहेको देखिएको छ।

**तालिका १९:** शिक्षालय र उद्योगबीच सहकार्यका क्षेत्र तथा अवस्था

| **प्रशिक्षण संस्थाको प्रकार** | **उद्योगसँगको सम्वन्ध** | | | | | | | | **कुल** |
|---|---|---|---|---|---|---|---|---|---|
| | **सधैं** | | **प्रायजसो** | | **कहिले कही** | | **विरलै** | | |
| | **संख्या** | **%** | **संख्या** | **%** | **संख्या** | **%** | **संख्या** | **%** | |
| स्रोतव्यक्ति व्यवस्थापन सम्वन्धमा | ११७ | ३३.१ | ५४ | १५.३ | ८७ | २४.६ | ९६ | २७.१ | ३५४ |
| ओजेटि र अप्रेन्टिसिप व्यवस्थापन सम्वन्धमा | १६८ | ४७.५ | ५५ | १५.५ | ५४ | १५.३ | ७७ | २१.८ | ३५४ |
| प्रयोगात्मक अभ्यास तथा अवसरका सम्वन्धमा | १६३ | ४६.० | ११३ | ३१.९ | २५ | ७.१ | ५३ | १५.० | ३५४ |
| रोजगारी प्रदान गर्ने सम्वन्धमा | १०७ | ३०.२ | ११० | ३१.१ | ६४ | १८.१ | ७३ | २०.६ | ३५४ |

**प्राविधिक शिक्षालय सर्वेक्षण, २०८१**

यस कार्यका लागि ४७.५ प्रतिशत संख्याले सधै नै सहकार्य गर्ने गरेका छन् भने बाँकी उल्लेख्य हिस्सा (३१.९%) ले प्रायजसो सहकार्य गर्ने गरेको पाइएको छ। यसै गरी ओजेटी र अप्रेन्टिसिप व्यवस्थापन गर्ने विषय पनि तुलनात्मक रुपमा उद्योगसँग बढि सहकार्य हुने गरेको अर्को विषय हो। यस विषयमा ४७.५ प्रतिशतले सधै र १५.५ प्रतिशतले प्रायजसो सहकार्य गर्ने गरेको बताइएको छ। विस्तृत विवरण अनुसूचीको तालिका १३ मा देखाइएको छ।

# परिच्छेद चार
# अनौपचारिक टिभेट कार्यक्रमको विवरण

## ४.१ परिचय

यस खण्डमा अनौपचारीक रुपमा सञ्चालित छोटो अवधिका व्यावसायिक तालिमका लागि सम्बन्धन प्राप्त संस्थाहरु, कार्यक्रमहरु र उक्त कार्यक्रमबाट उतीर्ण हुने परीक्षार्थीहरुको विभिन्न विवरणहरु समावेश गरिएको छ। यस अन्तर्गत उक्त विवरणहरुलाई क्षेत्रगत, लैङ्गिक, जिल्लागत र तहगत वर्गीकरण गरी प्रस्तुत गरिएको छ।

## ४.२ व्यावसायिक तालिम प्रदायक संस्थाहरु

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले १४० घण्टा देखि १६९६ घण्टा सम्मका व्यावसायिक तालिमका पाठ्याक्रम निर्माण गरेको छ। यसैगरी राष्ट्रिय सीप परीक्षण समितिबाट ३१४ वटा राष्ट्रिय व्यावसायिक सीप प्रमाणिका निर्माण गरी सोही अनुरुप सीप परीक्षणका कार्यहरु सञ्चालन गर्दै आएको छ। परिषद्ले आर्थिक वर्ष २०७९/८० को मसान्तसम्म १६१० वटा छोटो अवधिका व्यावसायिक तालिम प्रदायक संस्थाहरुलाई निश्चित पाठ्याक्रम तथा ट्रेडमा कार्यक्रम सञ्चालन गर्ने गरी सम्बन्धन दिएकोमा ७९० वटा शिक्षालयहरु बागमती प्रदेशमा पर्दछन्।




**रेखाचित्र १९:** छोटो अवधिका व्यावसायिक तालिमका लागि सम्वन्धन प्राप्त संस्थाहरु

बागमती प्रदेशका जिल्लाहरूमा रहेका संस्थाहरूको संख्या र औसत स्वीकृत कार्यक्रमहरूमा ठूलो भिन्नता देखाउँछ। काठमाण्डौमा सबैभन्दा धेरै संस्था (४९७) भए पनि औसत (६.४२) मध्यम छ, जबकि नुवाकोट (२ संस्था, औसत १८.००) र सिन्धुपालाञ्चोक (२ संस्था, औसत १६.५०) मा उच्च औसत देखिन्छ। दोलखा र चितवनमा औसत क्रमशः १.६७ र १.०० मात्र छ। समग्रमा, बागमती प्रदेशको औसत ६.१४ रहेको र प्रति शिक्षालय ६.१४ वटा ट्रेडहरुमा कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गरेको छ, जसमा काठमाण्डौको ठूलो योगदान छ। सम्बन्धन प्राप्त शिक्षालय तथा कार्यक्रमको जिल्लागत विवरणका लागि अनुसूचीको तालिका १४ मा हेर्नुहोला ।




**रेखाचित्र २०:** सम्बन्धन प्राप्त प्रमुख कार्यक्रमहरु

पाईचार्टले विभिन्न पेशागत कार्यक्रमहरू र तिनका स्वीकृत प्राप्त संस्थाहरूको संख्या देखाउँछ। सहायक सौन्दर्यकर्मी पेशाले २२६ स्वीकृत कार्यक्रमका साथ अग्रस्थानमा छ, जसले यस क्षेत्रको उच्च माग संकेत गर्दछ। टेलर मास्टर (१४६) र औद्योगिक विद्युतीय प्राविधिक (११५) क्रमशः दोस्रो र तेस्रो स्थानमा छन्। वेटर/वेट्रेस (११३) र समुदाय पशुधन सहायक (११२) पेशाहरू पनि महत्त्वपूर्ण स्थानमा छन्। समग्रमा, विविध क्षेत्रका पेशागत कार्यक्रमहरूको माग विविध प्रकारको सीप र रोजगारीको आवश्यकता प्रतिबिम्बित गर्दछ। विस्तृत विवरणका लागि अनुसूचीको तालिका १५ हेर्नुहोला।

### ४.३ सीप परीक्षण सम्बन्धि अवस्था

परिषद् अन्तर्गत अर्ध स्वायत्त संस्थाका रुपमा राष्ट्रिय सीप परीक्षण समितिबाट हाल सम्म ३१४ वटा सीप प्रमाणिका निर्माण गरी हातमा सीप भएका तर मान्यता प्राप्त प्रमाणपत्र नभएका शिल्पीहरूको सीप परीक्षण गरी सीपको स्तर निर्धारण गर्न सीप परीक्षण गर्दै आइरहेको छ। राष्ट्रिय सीप परीक्षण समितिले स्थापना कालदेखि हालसम्म करिब ७०३,८५३ जनाको सीप परीक्षण गरिसकेको र सो मध्ये ५०८,७०० ले विभिन्न तहको सीप प्रमाणप्रत्र प्राप्त गरिसकेका छन। यसै अनुसार पछिल्लो पाँच वर्ष अर्थात २०७६/७७ देखि २०८०/८१ सम्म २४०,७६८ शिल्पीहरूले सीप परीक्षणका लागि आवेदन गरेकोमा त्यसको करिव २०.६ प्रतिशत बागमती प्रदेशका शिल्पीहरू रहेका छन्। बागमती प्रदेशबाट सीप परीक्षणमा संलग्न हुनेहरुको तहगत, क्षेत्रगत तथा लैङ्गिक विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २०:** क्षेत्रगत रुपमा सीप परीक्षणमा सहभागीको विवरण

| क्र.स. | सीप परीक्षण क्षेत्र | सहभागी | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ३०७१ | ६.२ |
| २ | अटोमोबाइल ईन्जिनियरिङ् | ९३७ | १.९ |
| ३ | व्यापार/ व्यावसाय | २०४ | ०.४ |
| ४ | कम्प्युटर | १०९६ | २.२ |
| ५ | निर्माण | ५०४१ | १०.२ |
| ६ | इलेक्ट्रिकल इन्जिनियरिङ् | ६११६ | १२.३ |
| ७ | इलेक्ट्रोनिक्स | १६४७ | ३.३ |
| ८ | वन | २१ | ०.० |
| ९ | हस्तकला | ३३२ | ०.७ |
| १० | स्वास्थ्य | १३८ | ०.३ |
| ११ | आतिथ्यता उद्योग | ५०४१ | १०.२ |
| १२ | मानव सेवा | १२१ | ०.२ |
| १३ | पुस्तकालय र सूचना विज्ञान | ५५ | ०.१ |
| १४ | मेकानिकल इन्जिनियरिङ | ८४७ | १.७ |
| १५ | पर्वतारोहण | ५ | ०.० |
| १६ | अन्य क्षेत्र | १३१० | २.६ |
| १७ | फोटोग्राफी | १७ | ०.० |
| १८ | मुद्रण | १ | ०.० |
| १९ | सुरक्षा सेवा | १३० | ०.३ |
| २० | सेवा | ९४८३ | १९.१ |
| २१ | सिलाई/गार्मेन्ट | १३३७९ | २७.० |
| २२ | टेक्सटाइल | ५४३ | १.१ |

| क्र.स. | सीप परीक्षण क्षेत्र | सहभागी | प्रतिशत |
|---|---|---|---|
| | कुल | ४९५३५ | १००.० |

सीप परीक्षणका लागि आवेदन गर्ने ४९,५३५ सहभागीहरू विभिन्न २२ सीप क्षेत्रहरूमा विभाजित छन्। माथि उल्लिखित तालिका ४.३ मा सबैभन्दा धेरै आवेदक सिलाई/गार्मेन्ट क्षेत्रबाट छन्, जसमा १३,३७९ जना (२७%) सहभागी छन्। सेवा क्षेत्र (१९.१%), आतिथ्य उद्योग र निर्माण क्षेत्र (१०.२% प्रत्येक), तथा इलेक्ट्रिकल इन्जिनियरिङ् (१२.३%) पनि धेरै लोकप्रिय छन्। केही क्षेत्रहरू, जस्तै वन, पर्वतारोहण, मुद्रण आदिमा सहभागी संख्या अत्यन्त न्यून छ।




**रेखाचित्र २१:** लिङ्गगत विवरण

सीप परीक्षणमा सहभागीहरूको लिङ्गगत विवरण अनुसार, महिलाको संख्या पुरुषको तुलनामा उल्लेखनीय रूपमा बढी छ। कुल ४९,५३५ सहभागीमध्ये महिलाको हिस्सा ६४.३% (३१८६३) रहेको छ, जब कि पुरुषको हिस्सा केवल ३५.७% (१७६६९) छ। अन्य लिङ्गका सहभागिता नगण्य ०.०% (३) देखिन्छ।




**रेखाचित्र २२:** हालसम्म NSTB बाट सीप परीक्षणमा सहभागीको तहगत विवरण

यसैगरी सीप परीक्षणका लागि आवेदकहरूको संख्या तहगत विश्लेषण गर्दा, माथिको रेखाचित्र २२ मा सबैभन्दा बढी आवेदक तह १ मा रहेका छन्, जसको हिस्सा ८५.३ प्रतिशत छ। तह २ मा १३.१ प्रतिशत आवेदक छन्, जब कि तह ३ मा १.६ प्रतिशत र तह ४ मा ०.०१ प्रतिशत आवेदक रहेको पाइन्छ। बागमती प्रदेशका प्रमाणीकृत सीप परीक्षण केन्द्रहरु अनुसूचीको तालिका १६ मा हेर्नुहोला।

**तालिका २१:** प्रदेशको सीप परीक्षण आवेदकको जिल्लागत विवरण

| क्र. स. | जिल्ला | आवेदक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भक्तपुर | ३४६७ | ७.० |
| २ | चितवन | ७६८३ | १५.५ |
| ३ | धादिङ्ग | ३४५८ | ७.० |
| ४ | दोलखा | २३९८ | ४.८ |
| ५ | काठमाडौं | ५०८३ | १०.३ |
| ६ | काभ्रेपलान्चोक | ५७५५ | ११.६ |
| ७ | ललितपुर | २३७० | ४.८ |
| ८ | मकवानपुर | ४७४६ | ९.६ |
| ९ | नुवाकोट | ३३१३ | ६.७ |
| १० | रामेछाप | ३९९२ | ८.१ |
| ११ | रसुवा | ३८४ | ०.८ |
| १२ | सिन्धुलि | ३१८३ | ६.४ |
| १३ | सिन्धुपाल्चोक | ३७०३ | ७.५ |

| क. स. | जिल्ला | आवेदक संख्या | प्रतिशत |
|---|---|---|---|
| | बागमती प्रदेश | ४९५३५ | १००.० |

माथि उल्लिखित तालिका २१ अनुसार सीप परीक्षणका लागि बागमती प्रदेशका विभिन्न जिल्लाहरूबाट ४९,५३५ आवेदकले आवेदन दिएका छन्। सबैभन्दा बढी आवेदक चितवन ७६५३ (१५.५%) र काभ्रेपलान्चोक ५७५५ (११.६%) बाट आएका छन्। काठमाण्डौ ५०८३ (१०.३%) र मकवानपुर ४७४६ (९.६%) पनि प्रमुख जिल्लाहरू हुन्। भक्तपुर, धादिङ्ग र सिन्धुपाल्चोकको हिस्सा समान (७.०% र ७.५%) छ, जब कि रसुवा र ललितपुरमा अपेक्षाकृत कम आवेदक (०.८% र ४.८%) छन्।

## ४.५ सीप परीक्षणमा उत्तीर्ण दर

माथि उल्लेख गरिएको संख्या आवेदकको संख्या हो। कतिपय आवेदक सीप परीक्षामा सहभागी नै हुँदैनन् भने कतिको आवेदनमा माथि जाँच गर्दा आवेदन नियम संगत नठहरिएको कारण आवेदन नै रद्द हुन जान्छ।

**तालिका २२:** तहगत रुपमा सीप परीक्षणको उतीर्ण दर

| क. स. | सीपको तह | सीप परीक्षण नतिजा | | | | | कुल सहभागिता |
|---|---|---|---|---|---|---|---|
| | | अनुपस्थित | रद्द | अनुत्तीर्ण | उत्तीर्ण | उत्तीर्ण प्रतिशत | |
| १ | तह एक | ३६७३ | ६६ | १२१५८ | २६३४१ | ६२.४ | ४२२३८ |
| २ | तह दुई | ८७७ | ५२ | ३१८६ | २३८१ | ३६.७ | ६४९६ |
| ३ | तह तीन | १९१ | ३ | ४६८ | १३४ | १६.८ | ७९६ |
| ४ | तह चार | ० | ० | ० | ५ | १००.० | ५ |
| ५ | सबै तह | ४७४१ | १२१ | १५८१२ | २८८६१ | ५८.३ | ४९५३५ |

माथि उल्लिखित तालिका २२ अनुसार सीप परीक्षणको उत्तीर्ण दर तहगत रूपमा फरक देखिन्छ। तह १ मा ६२.४% उत्तीर्ण दर छ, जुन सबैभन्दा उच्च छ, जहाँ ४२,२३८ मध्ये २६,३४१ जना उत्तीर्ण भएका छन्। यद्यपि, १२,१५८ जना अनुत्तीर्ण भएका छन्, जुन कुल सहभागीहरूको ठूलो हिस्सा हो। तह २ मा उत्तीर्ण दर ३६.७% रहेको छ, जसमा ६,४९६ मध्ये २,३८१ जना उतीर्ण भएका छन् भने ८७७ जना अनुपस्थित र ३,१८६ जना अनुत्तीर्ण भएका छन्। तह ३ मा उत्तीर्ण दर अझै कम, १६.८% मात्र छ। जसमा ७९६ मध्ये १३४ जना उतीर्ण भएका छन् भने १९१ जना अनुपस्थित र ४६८ जना अनुत्तीर्ण छन्। तह ४ मा सबै ५ सहभागी उत्तीर्ण भएका छन्, जसको उत्तीर्ण दर १००% छ तर सानो समूहका कारण यसलाई प्रतिनिधि उदाहरण मान्न सकिंदैन। कुलमा, सबै तहहरूको उत्तीर्ण दर ५८.३% रहेको छ तर तह १ मा राम्रो परिणाम प्राप्त भए पनि अन्य तहहरूमा सुधार गर्न आवश्यक छ।

## परिच्छेद पाँच
## उद्योग र रोजगार सम्बन्धि विवरण

### ५.१ परिचय

वस्तुगत विवरणको यस खण्डमा विभिन्न निकायमा दर्ता भएका उद्योग व्यवसाय तथा ती उद्योग व्यवसायमा रहेका सम्भावित रोजगारीको अवसरलाई विश्लेषण गर्ने प्रयास गरिएको छ। दर्तावाल उद्योगहरुको विवरणलाई व्यवसायको संख्या, प्रकृति, तह र हाल उपलव्ध रोजगारीको अवसरका आधारमा पनि खण्डीकृत गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ। हालको रोजगारीको अवस्थाका अलावा भविष्यमा हुन सक्ने रोजगारीको अवसरका बारेमा गरिएका अध्ययन प्रतिवेदनका आधारमा केही रोजगारमुखी प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रमहरुलाई पनि उल्लेख गर्ने प्रयास गरिएको छ। माथि उल्लिखित विवरणहरु आगामी अनुच्छेदहरुमा क्रमशः प्रस्तुत गर्दै लगिने छ।

### ५.२ उद्योग विभाग अन्तर्गत दर्ता भएका उद्योगको विवरण

उद्योगहरुको नियमन गर्ने प्रमुख निकाय उद्योग विभागले साना देखि ठूला उद्योगहरुको तथ्याङ्क अद्यावधिक गर्ने गरेको छ। उक्त विवरण अनुसार बागमती प्रदेशमा कुल ५९६३ उद्योगहरु पाइएको छ। यी उद्योगहरुले विभिन्न क्षेत्रहरुमा उद्योग सञ्चालन गरेको पाइन्छ।




**रेखाचित्र २३:** उद्योग विभागमा दर्ता भएका उद्योगहरुको क्षेत्रगत विवरण

उद्योगको क्षेत्रगत वर्गीकरण अनुसार सबै भन्दा ठूलो हिस्सा सेवा मुलक उद्योग ३४.१ प्रतिशत र दोस्रो क्रममा उत्पादनमूलक क्षेत्र पर्दछ जसमा २९.४ प्रतिशत उद्योगहरु संलग्न रहेका छन्। यसैगरी पर्यटन उद्योग २५.६ प्रतिशत र कृषि तथा वनजन्य उद्योग ४.४ प्रतिशत रहेको पाइन्छ।




**रेखाचित्र २४:** स्तर अनुसार उद्योगको वर्गीकरण

यसैगरी बागमती प्रदेशमा रहेका कुल ५९६३ उद्योगहरुमा सबै भन्दा बढि ७४ प्रतिशत साना उद्योगहरुको हिस्सा रहेको छ भने १७ प्रतिशत मझौला उद्योग र ९ प्रतिशत ठूला उद्योगहरुको हिस्सा रहेको छ।

### ५.३ प्रदेशका उद्योगहरुको जिल्लागत वितरण

जिल्लागत र उद्योगको स्तर अनुसार उद्योगको संख्या र सम्भावित रोजगारीको अवसर विस्तृत विवरण अनुसूचीको तालिका १७ मा समेत देखाइएको छ।




| | भक्तपुर | चितवन | धादिङ | दोलखा | काठमाण्डौं | काभ्रेपलान्चोक | ललितपुर | मकवानपुर | नुवाकोट | रामेछाप | रसुवा | सिन्धुली | सिन्धुपाल्चोक | बागमती |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ठूला उद्योग | १३ | ४३ | २९ | ३५ | २०७ | १८ | ५६ | २४ | १५ | ११ | २१ | १ | ४० | ५१३ |
| मझ्यौला उद्योग | ५३ | ८३ | ३१ | ८ | ५२८ | ७० | १२७ | ७० | १९ | १ | १ | १ | १३ | १००५ |
| साना उद्योग | १३२ | १३० | २३ | ९ | ३१६४ | १०२ | ७९० | ४१ | २९ | ३ | २ | १ | १९ | ४४४५ |
| | | | | | | | | | | | | | | |

ठूला उद्योग मझ्यौला उद्योग साना उद्योग

**रेखाचित्र २५:** उद्योगको तहको जिल्लागत विवरण

यसरी दर्ता भएका उद्योगहरुमा सबै भन्दा बढि काठमाण्डौ जिल्लामा कुल ३,८९९ वटा र सबै भन्दा कम सिन्धुली जिल्लामा ३ वटा उद्योग मात्र दर्ता भएको देखिन्छ। बागमती प्रदेशका यी उद्योगहरुबाट कुल ३८१,६३९ रोजगारी सिर्जना हुने क्षमता रहेको पाइन्छ तर यसरी दर्ता भएका उद्योगहरु पूर्ण वा आंशिक रुपमा पनि सञ्चालनमा नआएको अवस्था पनि देखिएको छ। यसै गरी उल्लेख्य संख्यामा उद्योगको दर्ता हुने जिल्लामा ललितपुर, चितवन, भक्तपुर र काभ्रे आदि जिल्ला रहेका छन् ।

**तालिका २३:** घरेलु उद्योगको जिल्लागत विवरण

| जिल्ला | घरेलु उद्योग संख्या |
|---|---|
| दोलखा | १३२ |
| सिन्धुपाल्चोक | ३४८ |
| रसुवा | १७५ |
| धादिङ | १६६ |
| नुवाकोट | १७१ |

| जिल्ला | घरेलु उद्योग संख्या |
|---|---|
| काठमाडौं | ३३९३ |
| भक्तपुर | ६३३ |
| ललितपुर | ३०७३ |
| काभ्रेपलाञ्चोक | ५९ |
| रामेछाप | १३५ |
| सिन्धुली | १७८ |
| मकवानपुर | ३५ |
| चितवन | २१२ |
| **जम्मा** | **८७१०** |

स्रोतः *सम्बन्धित मन्त्रालय/विभागबाट प्रदेश स्तरमा सङ्कलन गर्न सकिन्छ।*

नेपालमा कुल २३,६२५ संख्यामा घरेलु उद्योगहरु रहेका छन्। जसमध्ये बागमती प्रदेशमा मात्र ८७१० उद्योगहरु रहेका छन्। बागमती प्रदेश अन्तर्गत सबैभन्दा धेरै (३३९३) घरेलु उद्योग काठमाडौं जिल्लामा छन् भने सबैभन्दा कम (३५) मकवानपुर जिल्लामा छन्। सिन्धुली, नुवाकोट, रसुवा, र धादिङ्ग जिल्लाहरुमा उस्तै-उस्तै संख्यामा घरेलु उद्योगहरु रहेका छन्।

### ५.४ आर्थिक प्रतिष्ठानहरुको संख्या

राष्ट्रिय तथ्याङ्क कार्यालयले वि. सं २०७६ सालमा देशभरि नै छरिएर रहेका आर्थिक कारोबार गर्ने इकाईहरुको पहिचान तथा संख्या एकीन गर्न आर्थिक गणना गरेको थियो। उक्त गणना अनुसार बागमती प्रदेशमा कुल २८२,९२० आर्थिक प्रतिष्ठानहरु सञ्चालनमा रहेका पाइएको थियो। यी आर्थिक प्रतिष्ठानहरुमा १२,१८,४९७ व्यक्तिहरु संलग्न भएको तथ्याङ्कबाट देखिएको थियो।




**रेखाचित्र २६:** आर्थिक प्रतिष्ठानमा संलग्न जनशक्तिको विवरण

संलग्न व्यक्तिहरूमा पुरुषको बर्चश्व ६०.१ प्रतिशत देखिए तापनि महिलाको हिस्सा समेत ३९.९ प्रतिशत रहेको पाइन्छ। उक्त् गणनाबाट जिल्लागत रुपमा देखिएका आर्थिक प्रतिष्ठानहरुको संस्था तथा उक्त प्रतिष्ठानहरुमा संलग्न जनशक्तिको विवरण अनुसूचीको तालिका १८ मा देखाइएको छ।

## ५.५ उत्पादनको रोजगारीको अवस्था

प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम कार्यक्रमहरुबाट उत्पादित जनशक्तिहरू विभिन्न स्वदेशी तथा विदेशी संस्थाहरुमा रोजगारी गर्ने अपेक्षा गरिएको हुन्छ। यस अनुरुप जनशक्तिहरू विभिन्न रुपमा श्रम बजारमा रोजगार रहेको समेत पाइन्छ। रोजगारीको दरलाई विभिन्न विषयहरुले प्रभाव पारिरहेको हुन्छ जसको पहिचानका लागि अनुगमन, अध्ययन तथा बजार सर्वेक्षणको आवश्यकता पर्दछ। नेपालमा भरपर्दो र राष्ट्रिय रुपमा यस प्रकारको सर्वेक्षण कमै मात्रामा गरिएको भए तापनि फुटकर रुपमा भने यस प्रकारको अध्ययन भइराखेको देखिन्छ। विगतमा गरिएका र सार्वजनिक रुपमा उपलव्ध भएका यस प्रकारको अनुसन्धान प्रतिवेदनको गहन अध्ययन तथा विश्लेषण गर्दा करिव ६० प्रतिशत उत्पादित जनशक्ति अध्ययनसँग सान्दर्भिक रोजगारीमा संलग्न भएको पाइन्छ। यस सम्बन्धमा थप जानकारी तपसिलको तालिकामा देखाइएको छ।

**तालिका २४:** CTEVT परीक्षणका प्रमुख रोजगार उन्मुख पेशाहरु

| क्र.स. | लक्षित समुह तथा कार्यक्रम | रोजगारी दर | लक्षित विषय / ट्रेड | लक्षित क्षेत्र | सन्दर्भ मिति | प्रकाशन गर्ने संस्था |
|---|---|---|---|---|---|---|
| १ | CTEVT डिप्लोमा कार्यक्रम | ५८.२ | प्राय सवै | नेपाल | २०७८ | CTEVT |
| २ | CTEVT डिप्लोमा कार्यक्रम | ५९.५ | इन्जिनियरिङ्ग | नेपाल | २०७८ | CTEVT |
| ३ | CTEVT डिप्लोमा कार्यक्रम | ४४.३ | कृषि | नेपाल | २०७८ | CTEVT |
| ४ | CTEVT डिप्लोमा कार्यक्रम | ६७.८ | स्वास्थ | नेपाल | २०७८ | CTEVT |
| ५ | CTEVT डिप्लोमा कार्यक्रम | ६६.७ | होटल व्यवस्थापन | नेपाल | २०७८ | CTEVT |
| ६ | CTEVT प्रि डिप्लोमा कार्यक्रम | ४८.९ | प्रमुख आठ | नेपाल | २०१६ | CTEVT |
| ७ | CTEVT डिप्लोमा कार्यक्रम | ५१ | प्रमुख आठ | | | CTEVT |
| ८ | CTEVT डिप्लोमा तथा प्रिडिप्लोमा | ६० | प्राय सवै | बागमती प्रदेश | २०७८ | CTEVT, बागमती प्रदेश कार्यालय |
| ९ | CTEVT डिप्लोमा कार्यक्रम | 0 | शिक्षालयमा भएका कार्यक्रम | बागमती प्रदेश | २०६५ देखि २०७२ सम्म | मनमोहन बहुप्राविधिक शिक्षालय |
| १० | CTEVT प्रिडिप्लोमा तथा डिप्लोमा कार्यक्रम | ९४ | स्वास्थ्य | बागमती प्रदेश | २०६५ देखि २०७५ सम्म | राष्ट्रिय योजना आयोग |
| ११ | CTEVT प्रिडिप्लोमा तथा डिप्लोमा कार्यक्रम | ८४ | इन्जीनियरिङ्ग | बागमती प्रदेश | २०६५ देखि २०७५ सम्म | राष्ट्रिय योजना आयोग |
| १२ | CTEVT प्रिडिप्लोमा तथा डिप्लोमा कार्यक्रम | ७० | कृषि | बागमती प्रदेश | २०६५ देखि | राष्ट्रिय योजना आयोग |

| क्र.स. | लक्षित समुह तथा कार्यक्रम | रोजगारी दर | लक्षित विषय / ट्रेड | लक्षित क्षेत्र | सन्दर्भ मिति | प्रकाशन गर्ने संस्था |
|---|---|---|---|---|---|---|
| | | | | | २०७५ सम्म | |
| १३ | CTEVT प्रिडिप्लोमा तथा डिप्लोमा कार्यक्रम | ८० | होटल व्यवस्थापन | | २०६५ देखि २०७५ सम्म | राष्ट्रिय योजना आयोग |

### ५.६ बजारमा उच्च माग भएका सीपयुक्त जनशक्तिको विवरण

बजार मागलाई धेरै विषयहरुले प्रभाव पार्ने र बजार माग पनि समय क्रममा परिवर्तन भइरहने हुँदा यस सम्बन्धमा सङ्कलन गरिएको सूचना तथा जानकारी निश्चित कालखण्डका लागि मात्र सान्दर्भिक हुने गर्दछ। बजार माग पहिचानका लागि रोजगारदाता सर्वेक्षण प्रतिवेदन तथा सम्बन्धित कार्यक्रमका स्नातकहरुको अनुगमन अध्ययन प्रतिवेदनलाई आधार लिने गरिएको छ। रोजगारदाता सर्वेक्षणमा उच्च माग देखिएका र अनुगमन अध्ययनमा उच्च रोजगारी दर पाइएका कार्यक्रमहरु उच्च मागका रुपमा व्याख्या गरिएको हो ।

विभिन्न कालखण्डमा सम्बन्धित संस्थाहरुले सञ्चालन गरेका त्यस प्रकारका अध्ययन तथा अनुसन्धान प्रतिवेदनको आधारमा केही पेशा तथा कार्यक्रमहरुलाई तुलनात्मक रुपमा उच्च माग भएका पेशा तथा कार्यक्रमको रुपमा तपसिलको तालिकामा समावेश गरिएको छ।

**तालिका २५:** उच्च रोजगारी दर भएका कार्यक्रमहरु

| क्र.स. | सीप परीक्षण पेशा | रोजगारीमा रहेका | | रोजगारीमा नरहेका | | सर्वेक्षणमा संलग्न कुल संख्या |
|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | |
| १ | अस्सिस्टेन्ट प्लम्बर | ३ | १०० | ० | ० | ३ |
| २ | फर्निचर मेकर | १ | १०० | ० | ० | १ |
| ३ | हाउसहोल्ड प्लम्बर | ६ | १०० | ० | ० | ६ |
| ४ | जूनियर प्लम्बर | ४ | १०० | ० | ० | ४ |
| ५ | प्लम्बर | १ | १०० | ० | ० | १ |
| ६ | वेल्डर | १ | १०० | ० | ० | १ |
| ७ | कम्युनिटी अग्रिकल्चर अस्सिस्टेन्ट | ६ | १०० | ० | ० | ६ |

| क्र.स. | सीप परीक्षण पेशा | रोजगारीमा रहेका | | रोजगारीमा नरहेका | | सर्वेक्षणमा संलग्न कुल संख्या |
|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | |
| ८ | अफसिजन भेजिटेबल प्रोड्युसर | १ | १०० | ० | ० | १ |
| ९ | जूनियर कम्प्युटर हार्डवेयर टेक्निसियन | १ | १०० | ० | ० | १ |
| १० | मोबाइल फोन मर्मत टेक्निसियन | २ | १०० | ० | ० | २ |
| ११ | लाइट भेहिकल मेकानिक | २ | १०० | ० | ० | २ |
| १२ | मोटरसाइकल मेकानिक | १ | १०० | ० | ० | १ |
| १३ | लेथ सेट्टर अपरेटर | १ | १०० | ० | ० | १ |
| १४ | मेकानिकल फिट्टर | १ | १०० | ० | ० | १ |
| १५ | इन्डस्ट्रियल इलेक्ट्रीशियन | १० | ९१ | १ | ९ | ११ |
| १६ | बिल्डिङ इलेक्ट्रीशियन | १७ | ७७ | ५ | २३ | २२ |
| १७ | नेपाली कुजिन कूक | ३ | ७५ | १ | २५ | ४ |
| १८ | सेल/मोबाइल फोन रिपेर टेक्निसियन | ३ | ७५ | १ | २५ | ४ |
| १९ | ब्रिक लेयर मेसन | ५ | ७१ | २ | २९ | ७ |
| २० | बिल्डिङ पेन्टर | २ | ६७ | १ | ३३ | ३ |
| २१ | कम्युनिटी लाईभस्टोक अस्सिस्टेन्ट | १ | ५० | १ | ५० | २ |
| २२ | कमीस | ५ | ४२ | ७ | ५८ | १२ |
| २३ | जूनियर बिल्डिङ इलेक्ट्रीशियन | ० | ० | १ | १०० | १ |
| २४ | बारिस्टा | ० | ० | १ | १०० | १ |
| २५ | केयरगिभर | ० | ० | २ | १०० | २ |
| २६ | वेटर | ० | ० | १ | १०० | १ |
| | | ७७ | ७६ | २४ | २४ | १०१ |

श्रोतः *यस तालिकामा राष्ट्रिय सिप परीक्षण समितिले २०२१/२२ मा सिप परीक्षण उतीर्ण भएका स्नातकहरुमा गरेको अनुगमन अध्ययनका आधारमा तुलनात्मक रुपमा उच्च रोजगारीदर भएका पेशाहरुलाई समावेश गरिएको हो।*

यसैगरी राष्ट्रिय सीप परीक्षण समितिले २०२१/२२ मा सीप परीक्षण उत्तीर्ण भएका स्नातकहरुमा गरेको अनुगमन अध्ययनका आधारमा अतिथि सत्कार क्षेत्र, सूचना प्रविधि क्षेत्र र अटोमोवाइल, मेकानिकल क्षेत्रका स्नातकहरुको रोजगार दर उच्च रहेको देखिन्छ जसलाई उच्च बजारमागको सङ्केतको रुपमा समेत बुझ्न सकिन्छ।

**तालिका २६:** सीप परीक्षणको क्षेत्रगत रोजगारीको दर

| क्र.स. | सीप परीक्षण पेशा | रोजगारीको अवस्था | | | सर्वेक्षणमा सहभागी कुल संख्या |
|---|---|---|---|---|---|
| | | रोजगारीमा रहेका | रोजगार प्रतिशत | रोजगारीमा नरहेका | |
| १ | निर्माण | २३ | ८८ | ३ | २६ |
| २ | विद्यूत | २७ | ७९ | ७ | ३४ |
| ३ | कृषि तथा बन | ८ | ८९ | १ | ९ |
| ४ | अतिथि सत्कार | ८ | ४० | १२ | २० |
| ५ | सूचना प्रविधि | ६ | ८६ | १ | ७ |
| ६ | अटोमोवाइल | ३ | १०० | ० | ३ |
| ७ | मेकानिकल | २ | १०० | ० | २ |
| | सवै क्षेत्र | ७७ | ७६ | २४ | १०१ |

श्रोतः*यस तालिकामा राष्ट्रिय सीप परीक्षण समितिले २०२१/२२ मा सीप परीक्षण उत्तीर्ण भएका स्नातकहरुमा गरेको अनुगमन अध्ययनका आधारमा तुलनात्मक रुपमा उच्च रोजगारी दर भएका पैशाचहरूलाई समावेश गरिएको हो ।*

## ५.७ औद्योगिक माग सर्वेक्षणबाट उच्च माग देखिएका प्रमुख पेशाहरु

युरोपियन यूनियनको आर्थिक सहयोग र दक्षता परियोजनाको प्राविधिक सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ, साना तथा घरेलु उद्योग महासंघ लगायत पाँचवटा रोजगारदाताको संगठनहरुको सक्रियतामा आर्थिक वर्ष २०२२ मा श्रमशक्तिको बजार माग पहिचानका लागि सर्वेक्षण भएको थियो। उक्त सर्वेक्षणमा कृषि निर्माण तथा पर्यटन क्षेत्रमा कार्यरत बागमती प्रदेशको ९३१ लगायत नेपालका २९७२ उद्योग तथा अन्य आर्थिक प्रतिष्ठानहरूलाई नमुनाको रुपमा छनौट गरी सर्वेक्षण गरिएको थियो। उक्त सर्वेक्षण प्रतिवेदनमा तालिकामा उल्लेख भएका पेशा तथा सीप भएका जनशक्तिलाई उच्च मागका जनशक्तिको रुपमा पहिचान गरिएको छ।

**तालिका २७:** औद्योगिक माग सर्वेक्षणबाट उच्च माग देखिएका प्रमुख पेशाहरु

| क्र.स. | पेशा | माग गर्ने औद्योगिक प्रतिष्ठान संख्या |
|---|---|---|
| १ | औद्योगिक प्राविधिक | ४३१ |
| २ | इन्जिनियर | ११५ |
| ३ | मेसन (ढुंगा + ईँटा) | ८५ |
| ४ | प्याकेजिङ्ग कर्मचारी | ४४ |

| क्र.स. | पेशा | माग गर्ने औद्योगिक प्रतिष्ठान संख्या |
|---|---|---|
| ५ | टेलर | ३८ |
| ६ | मिल प्राविधिक | ३४ |
| ७ | मिल अपरेटर | २९ |
| ८ | सहायक प्रबन्धक | २८ |
| ९ | राज मिस्त्री | २६ |
| १० | ट्रिपर चालक | ० |
| ११ | सहायक चालक | २४ |
| १२ | सहायक इन्जिनियर | १८ |
| १३ | मेशिन अपरेटर | १७ |
| १४ | कमि २ | १४ |
| १५ | सब इन्जिनियर | १४ |
| १६ | सिभिल इन्जिनियर | १३ |
| १७ | मोल्डर अपरेटर | १३ |
| १८ | सामान्य अपरेटर | १३ |
| १९ | गुणस्तर आश्वासन प्राविधिक | १३ |
| २० | रोलर अपरेटर | १३ |
| २१ | ट्रिपर अपरेटर | १३ |
| २२ | मिल चालक | १२ |
| २३ | प्रबन्धक (उत्पादन) | १२ |
| २४ | ट्र्याक्टर चालक | १२ |
| २५ | ट्रिपर चालक | २५ |
| २६ | माली | ११ |
| २७ | गोट किपर | ११ |
| २८ | मिल अपरेटर | ११ |

स्रोतः *श्रमबजार सर्वेक्षण २०२२, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ, साना तथा घरेलु उद्योग महासंघ लगायत पाँचवटा रोजगारदाताको संगठनहरुको संलग्नताबाट संकलन*

उल्लिखित रोजगारदाता संघहरुले आन्तरिक छलफलबाट कृषि, निर्माण तथा पर्यटन गरी तीनवटै क्षेत्रबाट १० वटाको दरले ३० वटा पेशालाई उच्च मागका पेशाका रुपमा छनौट गरेकोमा सो सर्वेक्षणमा उक्त पेशाहरुको तत्कालको माग र २ बर्ष र ५ बर्ष पश्चातको माग समेत अनुमान गरिएको थियो। जसको निचोडलाई सोही प्रतिवेदनबाट साभार गर्दै हुबहु रुपमा देखाइएको छ। थप जानकारीको लागि अनुसूचीको तालिका १९, २० र २१ हेर्नुहोला।

**तालिका २८:** सीप परीक्षणको क्षेत्रगत रोजगारीको दर

| क्र.स. | सीप परीक्षण पेशा | रोजगारीको अवस्था | | | सर्वेक्षणमा सहभागी कुल संख्या |
|---|---|---|---|---|---|
| | | रोजगारीमा रहेका | रोजगार प्रतिशत | रोजगारीमा नरहेका | |
| १ | निर्माण | २३ | ८८ | ३ | २६ |
| २ | विद्यूत | २७ | ७९ | ७ | ३४ |
| ३ | कृषि तथा बन | ८ | ८९ | १ | ९ |
| ४ | अतिथि सत्कार | ८ | ४० | १२ | २० |
| ५ | सूचना प्रविधि | ६ | ८६ | १ | ७ |
| ६ | अटोमोवाइल | ३ | १०० | ० | ३ |
| ७ | मेकानिकल | २ | १०० | ० | २ |

श्रोतः *यस तालिकामा राष्ट्रिय सीप परीक्षण समितिले २०२१/२२ मा सीप परीक्षण उत्तीर्ण भएका स्नातकहरुमा गरेको अनुगमन अध्ययनका आधारमा तुलनात्मक रुपमा उच्च रोजगारीदर भएका पेशाहरुलाई समावेश गरिएको हो ।*

यसैगरी राष्ट्रिय सीप परीक्षण समितिले २०२१/२२ मा सीप परीक्षण उतीर्ण भएका स्नातकहरुमा गरेको अनुगमन र अध्ययनका आधारमा अतिथि सत्कार क्षेत्र सूचना प्रविधि क्षेत्र र अटोमोवाइल, मेकानिकल क्षेत्रका स्नातकहरुको रोजगार दर उच्च रहेको देखिन्छ जसलाई उच्च बजारमागको सङ्केतको रुपमा समेत वुझ्न सकिन्छ।

# परिच्छेद छ
# निष्कर्ष

## ६.१ निष्कर्ष

प्रदेशको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रको यो प्रोफाइलमा यस क्षेत्रको विभिन्न पक्षहरु समावेश गरिएको छ। यस प्रोफाइलमा प्रदेशभित्र सञ्चालनमा रहेका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरु, रोजगारदाता तथा उद्योगहरु, सीप परीक्षण जस्ता गतिविधिहरुका तथ्याङ्कहरु समावेश गरिएको छ। प्रोफाइल विकासका लागि प्राथमिक र द्धितीय स्रोतबाट तथ्याङ्क संकलन गरिएको थियो।विशेष गरेर द्धितीय स्रोतको तथ्याङ्कको विश्लेषण नै यसको प्रमुख आधार हो । तथ्याङ्कको अध्ययन तथा विश्लेषण गर्दा निम्नानुसार देखिन्छ।

- जनगणना २०७८ अनुसार बागमती प्रदेशमा कुल घरपरिवार संख्या १५,७०,९२७ र प्रति घरपरिवार औसत ३.८९ जनाका का दरले कुल जनसंख्या ६१,१६,८६६ रहेको छ। जसमध्ये पुरूष ४९.८४ प्रतिशत र महिला ५०.१६ प्रतिशत रहेको छ।जनसंख्यालाई उमेर समुहमा विभाजन गरी विश्लेषण गर्दा ४ बर्ष भन्दा कम उमेर समुहका ६.७ प्रतिशत, ५ देखि १४ बर्ष उमेर समुहका १५.६ प्रतिशत र ६० बर्ष वा सो भन्दा बढि उमेर समुहका संख्या १०.७ प्रतिशत रहेको छ।
- प्रदेशभित्र महिलाहरूको श्रमशक्ति सहभागिता दर (३१.५%) पुरुषहरूको भन्दा निकै कम छ।तर बेरोजगारी दर (१०.४%) पुरुषहरूको भन्दा बढी छ। श्रमशक्ति सहभागिता दर सबैभन्दा बढी स्नातकोत्तर र माथि अध्ययन गरेका व्यक्तिहरूमा ७६.२% रहेको छ, जसले उच्च शैक्षिक स्तरले श्रम बजारमा सक्रियतामा महत्वपूर्ण भूमिका खेल्ने देखाउँछ। यसैगरी सबैभन्दा कम श्रम शक्ति सहभागिता दर निरक्षर व्यक्तिहरूमा २४.५% छ।
- कुल १३ जिल्ला र ११९ स्थानीय तह रहेको बागमती प्रदेशको ११३ वटा पालिकाहरुमा कुनै न कुनै प्रारुपमा प्राविधिक शिक्षालयहरु सञ्चालित रहेका छन् भने बाँकी ६ वटा स्थानीय तहमा प्राविधिक शिक्षालय खुलेका वा सञ्चालनमा रहेका पाइदैन।
